*(सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ (३) बमोजिम तयार गरी प्रकाशन गरिएको)*

*आर्थिक वर्ष २०७९/८० को*

# तेस्रो त्रैमासिक प्रतिवेदन

(२०७९ माघ-चैत)



*(सूचनाको अधिकारः लोकतन्त्रको आधार)*

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाण्डौं

# विषय सूची


| सि.नं | विवरण | पेज नं. |
|---|---|---|
| १. | कार्यालयको स्वरूप र प्रकृति | १ |
| २. | कार्यालयको काम, कर्तव्य र अधिकार | २ |
| ३. | कार्यालयमा रहने कर्मचारीको विवरण | ४ |
| ४. | कार्यालय अन्तर्गतका महाशाखा, शाखा र जिम्मेवार पदाधिकारी | ७ |
| ५. | सम्पादन गरेका कामको विवरण | ११ |
| ६. | प्रवक्ता र सूचना अधिकारीको विवरण | २९ |
| ७. | ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | ३२ |
| ८. | आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण | ३४ |
| ९. | कार्यालयको वेबसाइट | ३४ |
| १०. | कार्यालयमा परेको सूचना मागसम्बन्धी निवेदन र सूचना दिइएको विषय | ३५ |

## १. कार्यालयको स्वरूप र प्रकृति

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मुलुकको शासन व्यवस्था सञ्चालन र शासकीय प्रबन्धमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने तथा राष्ट्रको समग्र नीति निर्माण एवं व्यवस्थापनको समन्वय गर्ने निकाय हो । शासकीय प्रबन्धलाई जनमुखी, जवाफदेही, जनउत्तरदायी र नतिजामुखी बनाउन सो अनुकूलको निर्णय लिने, निर्देशन दिने र समन्वय एवं नियन्त्रण गर्ने निकायको रूपमा यसले कार्य गर्दै आएको छ । मुलुकको सार्वजनिक प्रशासनमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आइरहेको यस कार्यालय सुशासन र नागरिक-मैत्री प्रशासनलाई सुसंस्थागत गर्न निरन्तर क्रियाशील रहँदै आएको छ।

नेपाल सरकार (मन्त्रिपरिषद्) लाई राज्य व्यवस्था सञ्चालनका क्रममा विभिन्न नीतिगत तथा प्रशासनिक विषयमा निर्णय गर्न सहयोग पु-याउनेदेखि नेपाल सरकारबाट भएका निर्णयहरूको अभिलेख राख्ने, मन्त्रिपरिषद्बाट भएका निर्णयहरूलाई कार्यान्वयनमा उतार्न सम्बन्धित मन्त्रालयहरूमा लेखी पठाउने तथा निर्णय कार्यान्वयनको अनुगमन गर्नेसम्मका महत्त्वपूर्ण जिम्मेवारी यस कार्यालयले निर्वाह गर्दै आएको छ। यसैगरी नेपाल सरकार (मन्त्रिपरिषद्) लाई दैनिक प्रशासनिक कार्य सम्पादनमा आवश्यक सहयोग उपलब्ध गराउने कार्य पनि यस कार्यालयबाट हुँदै आएको छ। नेपाल सरकारका सबै मन्त्रालयहरूबाट सम्पादन हुने कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, समन्वय, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्यहरू पनि यस कार्यालयको कार्यक्षेत्रभित्र पर्दछन्। साथै, संघ, प्रदेश र स्थानीय तहहरूबीचको समन्वय र सहजीकरणको कार्य पनि यस कार्यालयको जिम्मेवारी अन्तर्गत रहेको छ। नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार यस कार्यालयलाई ४८ वटा विभिन्न कार्य जिम्मेवारी तोकिएका छन् । यसका साथै सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ ले प्रदान गरेका जिम्मेवारी समेत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले निर्वाह गर्दै आएको छ ।

नेपाल सरकार (मन्त्रिपरिषद्) का कामकारबाहीलाई सुव्यवस्थित र प्रभावकारी बनाउन देहायअनुसारका ५ वटा मन्त्रिपरिषद् समितिहरूको व्यवस्था छः-

१) राजनीतिक समिति

२) प्रशासन समिति

३) सामाजिक समिति

४) आर्थिक तथा पूर्वाधार समिति

५) विधेयक समिति

यी समितिहरूको अध्यक्षता सम्बन्धित विभागीय मन्त्रीबाट हुने र प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सम्बन्धित क्षेत्र हेर्ने सचिवले समितिको सचिवका रूपमा कार्य गर्ने व्यवस्था छ ।

## २. कार्यालयको काम, कर्तव्य र अधिकार

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यविवरण यसप्रकार रहेको छः

१. मन्त्रिपरिषद्सम्बन्धी;

२. नेपाल सरकारको कार्य विभाजन र कार्यसम्पादन नियमावली तर्जुमा तथा कार्यान्वयन;

३. नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन;

४. नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन;

५. नेपाल सरकार, मन्त्रालयको कार्यको रेखदेख, निरीक्षण, नियन्त्रण र समन्वय;

६. नेपाल सरकारको अल्पकालीन र दीर्घकालीन नीति, आवधिक योजना र रणनीतिको तर्जुमा; स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन;

७. प्रचलित कानूनबमोजिम प्रमाणीकरण गर्नुपर्ने लिखत;

८. संघीय विधेयक, अध्यादेश, नियम, आदेश, निर्देशिका र कार्यविधिसम्बन्धी;

९. मुलुकको राजनीतिक, आर्थिक, सामाजिक अवस्था, पूर्वाधार, राष्ट्रिय सुरक्षा, शान्ति सुव्यवस्था, कूटनीतिक गतिविधि, प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारी प्राप्ति, निर्देशन र समन्वय;

१०. शासकीय प्रबन्ध, सुशासन प्रवर्धन र प्रशासनिक सुधार;

११. द्विपक्षीय तथा बहुपक्षीय सन्धि, सम्झौता, समझदारी र सहमति कार्यान्वयनको अनुगमन;

१२. संघीय शासन प्रणाली र अन्तरप्रदेशसम्बन्धी कार्य;

१३. प्रधानमन्त्रीको सम्पर्क र सञ्चार;

१४. प्रधानमन्त्रीको निर्देशन कार्यान्वयन;

१५. मानव अधिकारको संरक्षण, प्रवर्धन, समन्वय र प्रतिवेदन;

१६. भ्रष्टाचारविरुद्धको नीति, योजना तथा कार्यान्वयन;

१७. राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालयसम्बन्धी;

१८. संवैधानिक परिषद्;

१९. संघीय संसद्को अधिवेशन आह्वान र अन्त्य;

२०. प्रदेश प्रमुखसम्बन्धी;

२१. परराष्ट्र तथा सुरक्षा मामिला;

२२. अख्तियार दुरुपयोग अनुसन्धान आयोग,

२३. लोक सेवा आयोग;

२४. राष्ट्रिय मानव अधिकार आयोग;

२५. महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकिलको सम्पर्क निकाय;

२६. राष्ट्रिय योजना आयोग;

२७. राष्ट्रिय पुनर्निर्माण प्राधिकरण;

२८. लगानी बोर्ड;

२९. राष्ट्रिय सतर्कता केन्द्र;

३०. सार्वजनिक खरिद अनुगमन कार्यालय;

३१. नेपाल ट्रष्टको कार्यालय;

३२. गरिबी निवारण कोष;

३३. राष्ट्रिय अनुसन्धान विभाग;

३४. सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग;

३५. राजस्व अनुसन्धान विभाग;

३६. विषय विज्ञ समूह;

३७. राष्ट्रिय तथा अन्तर प्रदेशस्तरीय विकास आयोजनाहरूको नतिजा व्यवस्थापन;

३८. प्रदेशका पदाधिकारी तथा कर्मचारीको वैदेशिक भ्रमणसम्बन्धी नीति, कानून र मापदण्ड;

३९. गैरसरकारी संस्थाको नियमनसम्बन्धी मापदण्ड;

४०. भ्रष्टाचार निगरानी, नेपाल ट्रष्ट, राजस्व अनुसन्धान, सम्पत्ति शुद्धीकरण, लगानी बोर्ड, गरिबी निवारण कोष, सार्वजनिक खरिद र राष्ट्रिय पुनर्निर्माणसम्बन्धी निकायहरू र सोसम्बन्धी नीति, कानून र मापदण्ड;

४१. विपद् व्यवस्थापनसम्बन्धी समन्वय;

४२. प्रधानमन्त्री केन्द्रीय विपद् सहायता कोष सञ्चालन;

४३. अदालतको फैसला कार्यान्वयन तथा अनुगमन;

४४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय;

४५. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान आदिको सञ्चालन र नियमन;

४६. नेपाल न्याय सेवाको सरकारी वकिल समूहको सञ्चालन;

४७. प्रधानमन्त्री र मन्त्रिपरिषद्सम्बन्धी अन्य कार्यहरू;

४८. अवशिष्ट अधिकार प्रयोग ।

## ३. कार्यालयमा रहने कर्मचारी विवरण

### संगठन संरचना

कार्यालयको वर्तमान सांगठनिक संरचना अनुसार यस कार्यालयमा हाल ११ वटा महाशाखा र २७ वटा शाखाहरू रहेका छन् । यस कार्यालयमा २३५ जनाको स्वीकृत स्थायी दरबन्दी र ४५ करार दरबन्दी रहेको छ। यस कार्यालयका प्रमुख पदाधिकारीको रूपमा नेपाल सरकारका मुख्यसचिव (रा.प.विशिष्ट श्रेणी) रहने व्यवस्था छ । मुख्यसचिव मातहतमा सात जना सचिव (रा.प.विशिष्ट श्रेणी) र उहाँहरू अन्तर्गत विभिन्न ११ वटा महाशाखा हेर्ने गरी सहसचिवहरू (रा.प.प्रथम श्रेणी) को दरबन्दी रहेको छ। प्रत्येक शाखाको कार्य सम्पादनका लागि उपसचिवको मातहतमा शाखाको कार्य बोझअनुसार शाखा अधिकृतदेखि कार्यालय सहयोगीसम्मका कर्मचारीको दरबन्दी रहेको छ । यस कार्यालयको दरबन्दी विवरण र संगठन संरचना यस प्रकार रहेको छ।

**स्थायी कर्मचारीहरूको दरबन्दी तेरिज**


| सि.न. | पद | श्रेणी/तह | सेवा/क्लस्टर | समूह | उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | मुख्यसचिव | रा.प. विशिष्ट | – | – | – | १ |
| २ | सचिव | रा.प. विशिष्ट | प्रशासन | – | – | ४ |
| ३ | सचिव | रा.प. विशिष्ट | न्याय | – | – | १ |
| ४ | सचिव | रा.प. विशिष्ट | इन्जिनियरिङ्ग | - | - | १ |
| ५ | सचिव | रा.प. विशिष्ट | विशेष दरबन्दी | - | - | १ |
| ६ | सह-सचिव | रा.प. प्रथम | प्रशासन | – | – | ९ |
| ७ | सह-सचिव | रा.प. प्रथम | न्याय | कानून | – | २ |
| ८ | उप-सचिव | रा.प. द्वितीय | प्रशासन | सा.प्र. | – | २३ |
| ९ | उप-सचिव | रा.प. द्वितीय | न्याय | कानून | – | ४ |
| १० | उप-सचिव | रा.प. द्वितीय | प्रशासन | लेखा | – | १ |
| ११ | उप-सचिव | रा.प. द्वितीय | आर्थिक योजना तथा तथ्याङ्क | तथ्याङ्क | | १ |
| १२ | उप-सचिव (सूचना प्रविधि) | रा.प. द्वितीय | विविध | – | – | १ |
| १३ | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन | सा.प्र. | – | ४२ |
| १४ | शाखा अधिकृत | रा.प. तृतीय | परराष्ट्र | परराष्ट्र | | १ |
| १५ | शाखा अधिकृत | रा.प. तृतीय | न्याय | कानून | – | ४ |
| १६ | लेखा अधिकृत | रा.प. तृतीय | प्रशासन | लेखा | – | २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७ | कम्प्युटर अधिकृत | रा.प. तृतीय | विविध | - | - | ३ |
| १८ | कम्प्युटर इन्जिनियर | रा.प. तृतीय | विविध | - | - | १ |
| १९ | तथ्याङ्क अधिकृत | रा.प. तृतीय | आर्थिक योजना तथा तथ्याङ्क | तथ्याङ्क | - | १ |
| २० | पुस्तकालय अधिकृत | रा.प. तृतीय | शिक्षा | लाइब्रेरी साइन्स | | १ |
| २१ | छविकला अधिकृत | रा.प. तृतीय | शिक्षा | | | १ |
| २२ | नायव सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | - | २० |
| २३ | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | - | १ |
| २४ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम (प्रा.) | विविध | - | - | ३४ |
| २५ | पुस्तकालय सहायक | रा.प.अनं.प्रथम (प्रा.) | शिक्षा | लाइब्रेरी साइन्स | | १ |
| २६ | मेकानिकल सुपरभाइजर | रा.प.अनं.प्रथम (प्रा.) | ई. | मे.ई | - | १ |
| २७ | खरिदार | रा.प.अनं.द्वितीय | प्रशासन | सा.प्र. | | ५ |
| २८ | सिनियर मिस्त्री | रा.प.अनं. द्वितीय | ई. | मे.ई | - | १ |
| २९ | इलेक्ट्रिसियन | रा.प.अनं. द्वितीय | ई. | | | १ |
| ३० | हे.टे.ब्वाई | रा.प.अनं. द्वितीय | विविध | - | - | ३ |
| ३१ | प्लम्बर | रा.प.अनं. द्वितीय | ई. | | | १ |
| ३२ | हेभी सवारी चालक | श्रेणी विहीन | ई. | - | - | १ |
| ३३ | ह.स.चा. | श्रेणी विहीन | ई. | - | - | १८ |
| ३४ | का.स. | श्रेणी विहीन | प्रशासन | सा.प्र. | - | ३३ |
| ३५ | का.स.(बगैंचा) | श्रेणी विहीन | प्रशासन | सा.प्र. | - | १ |
| ३६ | का.स.(सरसफाइ) | श्रेणी विहीन | प्रशासन | सा.प्र. | - | ७ |
| ३७ | का.स.(मेसेन्जर) | श्रेणी विहीन | प्रशासन | सा.प्र. | - | २ |
| | **जम्मा** | | | | | २३५ |

## सेवा करारबाट पूर्ति भएका पद संख्या

| सि. न. | पदको नाम | श्रेणी/तह | सेवा | समूह | पदपूर्तिको अवस्था |
|---|---|---|---|---|---|
| १ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | | ८ |
| २ | हे.टे. ब्वाई | रा.प.अनं.द्वितीय | विविध | | ३ |
| ३ | हेभी सवारी चालक | श्रेणी विहीन | | | १ |
| ४ | ह.स.चा. | श्रेणी विहीन | ई. | - | १८ |
| ५ | का.स. | श्रेणी विहीन | प्रशासन | सा.प्र. | ४१ |
| | **जम्मा** | | | | ७१ |

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको संगठन संरचना



## ४. कार्यालयअन्तर्गतका महाशाखा, शाखा र हाल कार्यरत पदाधिकारीहरू

| श्रीमान् मुख्यसचिव शंकरदास वैरागी | |
|---|---|
| **महाशाखा/शाखाको नाम** | **जिम्मेवार पदाधिकारी** |
| १. प्रधानमन्त्रीको निजी सचिवालय | सहसचिव श्री नवराज ढुङ्गाना |
| २. मुख्यसचिवको सचिवालय | उपसचिव श्री गोकुल बस्नेत |
| ३. मन्त्रिपरिषद् बैठक तथा संवैधानिक निकाय महाशाखा | सहसचिव श्री हीरामणि शर्मा |
| (क) मन्त्रिपरिषद् बैठक शाखा | उपसचिव श्री विष्णुप्रसाद घिमिरे |
| (ख) मन्त्रिपरिषद् समिति तथा संवैधानिक निकाय शाखा | उपसचिव श्री प्रदीप श्रेष्ठ |
| (ग) मन्त्रिपरिषद् निर्णय कार्यान्वयन अनुगमन शाखा | उपसचिव श्री मञ्जु शर्मा सुवेदी |
| **आर्थिक तथा पूर्वाधार विकास** | **सचिव श्री दिनेश भट्टराई** |
| १. लगानी, उत्पादन तथा रोजगार प्रवर्धन महाशाखा | सहसचिव श्री खोमराज कोइराला |
| (क) कृषि, वन तथा वातावरण शाखा | उपसचिव श्री उमेशराज रिमाल |
| (ख) अर्थ, उद्योग, वाणिज्य तथा पर्यटन शाखा | उपसचिव श्री यज्ञ पुरी |
| २. पूर्वाधार विकास महाशाखा | सहसचिव श्री बुद्धबहादुर गुरुङ्ग |
| (क) भौतिक पूर्वाधार, जलस्रोत तथा ऊर्जा शाखा | उपसचिव श्री राम प्रसाद सापकोटा |
| (ख) खानेपानी, शहरी विकास तथा सञ्चार शाखा | उपसचिव श्री प्रमिला आचार्य |
| **कानून तथा मानव अधिकार** | **सचिव श्री उदयराज सापकोटा** |
| १. कानून तथा फैसला कार्यान्वयन महाशाखा | सहसचिव श्री टीकाराम पाण्डे |
| (क) कानून शाखा | उपसचिव |
| (ख) फैसला कार्यान्वयन शाखा | उपसचिव श्री मनिराम ज्ञवाली |
| २. मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा | सहसचिव श्री अरुणा जोशी |
| (क) मानव अधिकार शाखा | उपसचिव श्री राजेन्द्र न्यौपाने |
| (ख) अन्तर्राष्ट्रिय कानून र सन्धि सम्झौता शाखा | उपसचिव |
| **राष्ट्रिय सुरक्षा तथा सुशासन क्षेत्र** | **सचिव श्री सुमनराज अर्याल** |
| १. राष्ट्रिय सुरक्षा तथा कूटनीति समन्वय महाशाखा | सहसचिव श्री मनोजकुमार आचार्य |
| (क) सूचना समन्वय शाखा | उपसचिव श्री भविश्वर पाण्डे |
| (ख) सूचना, सञ्चार तथा वैदेशिक समन्वय शाखा | उपसचिव श्री कविता फुयाल |
| २. शासकीय सुधार महाशाखा | सहसचिव श्री प्रद्युम्न प्रसाद उपाध्याय |
| (क) सुशासन प्रवर्धन तथा भ्रष्टाचार निगरानी शाखा | उपसचिव श्री विष्णुप्रसाद सुवेदी |

| | |
|---|---|
| (ख) सम्पत्ति शुद्धीकरण तथा राजस्व अनुसन्धान शाखा | उपसचिव श्री कुलबहादुर जी.सी. |
| (ग) हेलो सरकार शाखा | उपसचिव श्री छविलाल पाण्डे |
| **प्रशासन तथा नतिजा व्यवस्थापन क्षेत्र** | **सचिव डा. गणेशप्रसाद पाण्डेय** |
| १. प्रशासन महाशाखा | सहसचिव श्री नारायणप्रसाद भट्ट |
| (क) प्रशासन शाखा | उपसचिव श्री उमाकान्त अधिकारी |
| (ख) आर्थिक प्रशासन शाखा | उपसचिव श्री सूर्यबहादुर भण्डारी |
| (ग) प्रधानमन्त्री सचिवालय व्यवस्थापन शाखा (बालुवाटार) | उपसचिव |
| २. नतिजा व्यवस्थापन महाशाखा | सहसचिव श्री शिवादेवी दाहाल |
| (क) तत्काल समस्या समाधान केन्द्र | उपसचिव श्री सन्तोषप्रसाद दाहाल |
| (ख) नतिजा व्यवस्थापन तथा विश्लेषण शाखा | उपसचिव श्री ज्ञानहरि घिमिरे |
| (ग) तथ्याङ्क शाखा | उपसचिव |
| (घ) सूचना प्रविधि शाखा | सूचना प्रविधि निर्देशक श्री मनीष भट्टराई |
| **सामाजिक विकास तथा प्रादेशिक समन्वय** | **सचिव श्री अर्जुनप्रसाद पोखरेल** |
| १. सामाजिक विकास तथा रूपान्तरण महाशाखा | सहसचिव श्री संगीता ओझा |
| (क) महिला, बालबालिका, जेष्ठ नागरिक, श्रम तथा सामाजिक सुरक्षा शाखा | उपसचिव श्री शालिकराम दाहाल |
| (ख) शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद शाखा | उपसचिव श्री राजमणि दाहाल |
| २. प्रादेशिक समन्वय तथा योजना महाशाखा | सहसचिव श्री रेखा दास |
| (क) प्रादेशिक समन्वय शाखा | उपसचिव श्री चक्रपाणि शर्मा |
| (ख) योजना, अनुगमन तथा विपद् समन्वय शाखा | उपसचिव श्री सिर्जना शर्मा |
| **इन्जिनियरिङ्ग क्लष्टर** | **सचिव श्री रामआधार साह** |
| | सहसचिव श्री लोकनाथ पौड्याल |
| | उपसचिव श्री कला कुमारी गैह्रे |
| अतिरिक्त | **सचिव डा. बैकुण्ठ अर्याल** |
| विशेष पद* | **सचिव श्री खगेन्द्र प्रसाद नेपाल** |

**नोटः मिति २०७८/०९/१४ गतेको मन्त्रिपरिषद्को निर्णयानुसार नेपाल प्रशासन सेवा, समूहीकरणतर्फको रा.प. विशिष्ट श्रेणीको सचिव -१ विशेष पदको दरबन्दी सिर्जना भएको ।*

## यस अवधिमा अनिवार्य अवकास तथा राजीनामाबाट सेवा निवृत्त कर्मचारीहरू

| सि.नं. | कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | श्री ज्वालादेवी डंगोल | कार्यालय सहयोगी |
| २. | श्री रुत्तकमल च्यामिनी | कार्यालय सहयोगी |

## यस अवधिमा यस कार्यालय वा अन्तर्गत सरुवा तथा पदस्थापन भै आउनुभएका कर्मचारीहरू

| सि.नं | कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | डा. बैकुण्ठ अर्याल | सचिव |
| २. | श्री अर्जुनप्रसाद पोखरेल | सचिव |
| ३. | श्री रामकृष्ण लामिछाने | सहसचिव |
| ४. | श्री संगीता ओझा | सहसचिव |
| ५. | श्री रेखा दास | सहसचिव |
| ६. | श्री ओम प्रकाश बराल | उपसचिव (कानून) |
| ७. | श्री उमाकान्त अधिकारी | उपसचिव |
| ८. | श्री अर्जुन भण्डारी | उपसचिव |
| ९. | श्री रवि रानाभाट | शाखा अधिकृत |
| १०. | श्री मदन प्रसाद शिवाकोटी | शाखा अधिकृत (कानून) |
| ११. | श्री तारानाथ पनेरु | शाखा अधिकृत |
| १२. | श्री सान्नानी अधिकारी | शाखा अधिकृत |
| १३. | श्री विकास बेल्बासे | ना.सु. |
| १४. | श्री अशोक न्यौपाने | ना.सु. |
| १५. | श्री तेज बहादुर बुढाथोकी | कम्प्युटर अपरेटर |

**यस कार्यालयबाट सरुवा तथा पदस्थापन भई अरू निकायमा जानुभएका कर्मचारीहरूको विवरण**

| सि.नं | कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | श्री कृष्णहरि पुष्कर | सचिव |
| २. | श्री श्रीकृष्ण नेपाल | सहसचिव |
| ३. | श्री झलकराम अधिकारी | सहसचिव |
| ४. | श्री महादेव पन्थ | सहसचिव |
| ५. | श्री भूपाल बराल | सहसचिव |
| ६. | श्री अर्जुन भण्डारी | सहसचिव |
| ७. | श्री श्रद्धा रिजाल | उपसचिव (कानून) |
| ८. | श्री अश्विन कुमार पोखरेल | उपसचिव |
| ९. | श्री इन्द्रदेव पाण्डे | उपसचिव |
| १०. | श्री गुणा राई | शाखा अधिकृत |
| ११. | श्री भिषम राई | शाखा अधिकृत |
| १२. | श्री मार्शल पन्त | शाखा अधिकृत |
| १३. | श्री रक्ष्मी पौडेल | शाखा अधिकृत |
| १४. | श्री सुशीला लेखक | शाखा अधिकृत |
| १५. | श्री सुधन लामिछाने | शाखा अधिकृत |
| १६. | श्री सृजना सिंह | शाखा अधिकृत (कानून) |
| १७. | श्री अजय कुमार पाल | ना.सु. |
| १८. | श्री सुष्मा ओली | कम्प्युटर अपरेटर |

## ५. सम्पादन गरेका मुख्य-मुख्य कामको विवरण (सारांश)

यस कार्यालयका विभिन्न महाशाखा तथा शाखाहरूबाट आर्थिक वर्ष २०७९/८० को तेस्रो त्रैमासिक (२०७९ पुस-चैतमसान्त) अवधिमा सम्पादित मुख्य-मुख्य कार्यहरू:

- *सम्माननीय प्रधानमन्त्रीज्यूले प्रमुख अतिथिको हैसियतमा विभिन्न सार्वजनिक कार्यक्रमहरूमा सहभागी भई मन्तव्य/सम्बोधन राखु भएको । साथै, विभिन्न स्मारिका तथा प्रकाशनको लागि शुभकामना मन्तव्य प्रदान गर्नुभएको ।*
- *आ.व. २०७९/८० को तेस्रो त्रैमासिक अवधिमा नेपाल सरकार, मन्त्रिपरिषद्का १८ वटा बैठक बसी ३५५ वटा निर्णयहरू भएकोमा उक्त बैठकहरूको निर्णय लेखन, निकासा, अभिलेख तथा सञ्चारसम्बन्धी कार्य गरिएको । मन्त्रिपरिषद्का विभिन्न समितिहरूको ६ वटा बैठक बसी ११ वटा निर्णयहरू भएकोमा उक्त बैठकहरूको निर्णय लेखन, निकासा, अभिलेख तथा सञ्चारसम्बन्धी कार्य गरिएको ।*
- *नेपालको संविधानको धारा ५३ तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ बमोजिम नेपाल सरकारको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपतिजसमक्ष मिति २०७९/११/२१ मा पेस गरिएको ।*
- *आ.व. ०७९/८० को विनियोजना, राजस्व, धरौटी, कार्य संचालनको दोस्रो त्रैमासिकको आन्तरिक लेखापरीक्षण सम्पन्न गरिएको ।*
- *जनक शिक्षा सामाग्री केन्द्र लिमिटेडसँग समन्वय गरी कक्षा ६ देखि १० सम्मका पाठ्यपुस्तक केन्द्रले र कक्षा १ देखि ५ सम्मका पाठ्यपुस्तक निजी क्षेत्रबाट छपाई गर्ने व्यवस्था मिलाई शैक्षिक सत्र सुरु हुनु अगावै अर्थात् चैत्र २६ गतेबाटै पाठ्यपुस्तकहरू उपलब्ध गराउन सुरु गरिएको ।*
- *प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग प्रत्यक्ष संवादका लागि जडान भएका Action Room का पूर्वाधारहरू सञ्चालनको व्यवस्थाका लागि सातवटै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग समन्वय गरी सञ्चालनको लागि कार्य भैरहेको ।*
- *राष्ट्रिय महत्त्वका ३० वटा आयोजनाहरूको आ.व. २०७९/८० को प्रगति विवरण सम्मिलित अर्धवार्षिक प्रगति प्रतिवेदन तयार गरी कार्यान्वयन स्थिति र समस्याहरू पहिचान गरिएको ।*
- *सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा २७ बमोजिम गठित समितिबाट सार्वजनिक निकायमा रहेका सूचनाको वर्गीकरणको कार्य सम्पन्न गरिएको ।*
- *सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम यस कार्यालयका सूचना अधिकारीलाई सम्बोधन गरी प्राप्त भएका विभिन्न २१ वटा निवेदनमा आवश्यक कारबाही गरी सूचना उपलब्ध गराइएको।*

- *विभिन्न प्रदेशका पदाधिकारी तथा कर्मचारीहरूलाई वैदेशिक भ्रमणको सहमति उपलब्ध गराउने तथा राहदानी एवं भिसा सिफारिश गरिएको ।*
- *नेपालका लागि मित्रराष्ट्र बेलायतका आवासीय राजदूत र मित्रराष्ट्रहरू स्वीडेन अधिराज्य, गणतन्त्र भियना र बेल्जियम अधिराज्यका गैरआवासीय राजदूतहरूको नियुक्तिका लागि सहमति प्रदान गरिएको।*
- *हेलो सरकार कक्षमा सम्बन्धित निकायबाट समाधान भै आएकामध्ये फछ्र्यौट गर्न उपयुक्त देखिएका १,०३१ गुनासो फछ्र्यौट गरिएको । साथै, मिति २०७६/०४/०१ देखि सञ्चालनमा ल्याइएको नयाँ विद्युतीय पोर्टलमा २०७६/०४/०१ देखि हालसम्म प्राप्त गुनासोहरूमध्ये ६१.०७% गुनासो फछ्र्यौट भएको ।*
- *नेपाल सरकारका मुख्यसचिवको संयोजकत्वमा गठित केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको २ वटा बैठक आयोजना भएको र विभिन्न विषयमा निर्णय भई निर्णय कार्यान्वयनका लागि सम्बन्धित निकायहरूमा पठाइएको ।*
- *विभिन्न गठन आदेश, नियमावली, निर्देशिका र कार्यविधिमा आवश्यक संशोधन तथा परिमार्जन गर्ने कार्य गरिएको ।*
- *यस कार्यालयसमेत विपक्षी भएको मुद्दामा सम्मानित अदालतबाट भएका आदेश (थान ४) कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा पठाइएको।*
- *विभिन्न तहका अदालतबाट आएका ११३ थान मुद्दाहरूको लिखित जवाफ, पुनरावेदन पत्र तथा प्रतिउत्तर पत्र तयार गरी सम्बन्धित अदालतमा पठाइएको।*
- *मानव अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय विशेष समाधीक्षकहरूले माग गरेको जानकारी तथा संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिमा परेका उजुरीको सम्बन्धमा नेपाल सरकारको तर्फबाट १२ वटा जवाफहरू तयार गरी पठाइएको ।*

यस अवधिमा यस कार्यालयका विभिन्न महाशाखा/शाखाहरूबाट सम्पादन गरिएका मुख्य-मुख्य कार्यहरूको विवरण यसप्रकार छः

## ५.१ मुख्यसचिवको सचिवालय

- मन्त्रिपरिषद्को निर्णयका लागि प्राप्त प्रस्तावका विषयमा सचिव बैठकको आयोजनाका लागि सञ्चार, समन्वय तथा सहजीकरण गरिएको । मन्त्रिपरिषद्अन्तर्गतका विभिन्न समितिका बैठकको आयोजनाका लागि समन्वय, सहजीकरण र निर्देशनबमोजिमका अन्य कार्यहरू गरिएको ।
- सचिव बैठकको निर्णय प्रमाणित गरी कार्यान्वयनको लागि सम्वन्धित निकायमा पठाउने कार्यमा सहजीकरण गरिएको ।
- सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' समक्ष प्रधानमन्त्री कार्यालयका सबै सचिवहरू एवं मातहतका विभागीय प्रमुखहरूले आ-आफ्ना निकाय र कार्यक्षेत्रको विषयमा गरेको प्रस्तुतिमा श्रीमान् मुख्यसचिवको सहभागिता भएको र त्यसका लागि आवश्यक समन्वय र सहजीकरण गरिएको ।
- सम्माननीय प्रधानमन्त्रीबाट नेपाल सरकारका सबै सचिवहरूलाई निर्देशन दिने कार्यक्रमको लागि आवश्यक सञ्चार, समन्वय र सहजीकरण गरिएको ।
- देहाय बमोजिम बैठकका लागि छलफलको बुँदा तयारी, माइन्यूट तयारी तथा प्रमाणित गरी सम्बन्धित ठाउँमा पठाउने एवं बैठक व्यवस्थापनमा आवश्यक सञ्चार, समन्वय र सहजीकरण गरिएको:
    - विमान दुर्घटनापछिको व्यवस्थापनसम्बन्धी बैठक
    - प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको रणनीतिक योजना सम्बन्धी ४ वटा बैठक
    - बर्डफ्लु नियन्त्रणसम्बन्धी बैठक
    - सरकारी वेबसाइटहरू ह्याक भएको विषयमा भएको बैठक
    - सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजनामा भएको व्यवस्थाबमोजिम राष्ट्रिय पुनरावलोकन समितिको बैठक
    - काठमाण्डौंको तीनकुनेको जग्गासम्बन्धी बैठक
    - विष्फोटक पदार्थ आपूर्तिसम्बन्धी बैठक
    - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को बैठक
    - सार्वजनिक खरिद ऐनमा समावेश गर्नुपर्ने विषयसम्बन्धी बैठक
    - विश्व स्वास्थ्य सङ्गठनमा उम्मेदवारी सम्बन्धी बैठक
    - बुद्धमूर्ति स्थापनासम्बन्धी ३ वटा बैठक
    - केन्द्रीय सचिवालय व्यवस्थापन निर्देशक समितिको ३ वटा बैठक

- खेलकुद रङ्गशालासम्बन्धी बैठक
- अरुण तेस्रो जलविद्युत आयोजनासम्बन्धी ३ वटा बैठक
- दोस्रो त्रैमासिक समीक्षा तथा मन्त्रालयस्तरीय समस्या समाधान समितिको बैठक
- अर्धवार्षिक समीक्षा बैठक तथा मन्त्रालयस्तरीय समस्या समाधान समितिका ४ वटा बैठक
- लगानी बोर्डको बैठक
- राष्ट्रिय अनुसन्धान विभागको गुप्तचरसम्बन्धी बैठक
- रणनीतिक कार्ययोजना निर्माणसम्बन्धी बैठक
- विकाससम्बन्धी ऐन तर्जुमा बैठक
- संघीय समन्वय समितिको बैठक
- रेडक्रससम्बन्धी बैठक
- राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक
- दिगो विकास लक्ष्य निर्देशक समितिको बैठक
- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको बढुवा समितिको ६२ वटा बैठक
- छात्रवृत्ति समितिको ५ वटा बैठक
- केन्द्रीय अनुगमन समितिको २ वटा बैठक
- नेतृत्व मूल्याङ्कनसम्बन्धी बैठक
- निजामती कर्मचारी अस्पताल बोर्डको ३ वटा बैठक
- सूचना वर्गीकरणसम्बन्धी बैठक
- उच्चस्तरीय तलब सुविधा आयोगका ४ वटा बैठक
- राष्ट्रिय प्रजातन्त्र दिवस मूलसमारोह समिति, २०७९ को पूर्वतयारी बैठक

- उल्लिखित बैठकहरूमा सञ्चार समन्वय व्यवस्थापकीय कार्य र मुख्यसचिवज्यूलाई आवश्यक पर्ने बुँदाहरू तयार गरी प्रस्तुत गर्नुका साथै निर्णय प्रमाणित र कार्यान्वयनको लागि सम्बन्धित निकायहरूमा पठाउने व्यवस्था मिलाइएको ।
- देहाय बमोजिमका समारोह, अन्तरक्रिया एवं कार्यक्रममा श्रीमान् मुख्यसचिवको सहभागिताका लागि आवश्यक समन्वय र सहजीकरण गरिएको:
  - नवनिर्वाचित महामहिम राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूको सपथ ग्रहण कार्यक्रम
  - नवनिर्वाचित सम्माननीय सभामुख श्री देवराज घिमिरेज्यू, नवनिर्वाचित उपसभामुख एवं राष्ट्रियसभाका उपाध्यक्षज्यूको शपथ ग्रहण समारोह
  - २५ औं भूकम्प सुरक्षा दिवस, २०७९ को अवसरमा आयोजित कार्यक्रम
  - नेपाल व्यापार एकीकृत रणनीतिको मस्यौदाउपर छलफल तथा अन्तरक्रिया
  - शहीद सप्ताह एवं शहीद दिवस कार्यक्रम शान्तिवाटिका र रत्नपार्क

- सूचना प्रविधि र सुशासन विषयक अन्तरक्रिया
- आदिवासी जनजाति आयोगको दोस्रो वार्षिकोत्सव कार्यक्रम
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३२औं स्थापना दिवसको कार्यक्रम
- सत्सङ्ग समारोह समुद्घाटन कार्यक्रम
- नेपाल सरकारका राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृतहरूका लागि सञ्चालन हुने ३६औं आधारभूत तालिम कार्यक्रमको उद्घाटन
- महाशिवरात्री तथा नेपाली सेना स्थापनाको २६० औं वार्षिकोत्सव
- राष्ट्रिय प्रजातन्त्र दिवस, २०७९ को अवसरमा आयोजित कार्यक्रम
- राष्ट्रिय समावेशी आयोगको दोस्रो वार्षिकोत्सव
- राष्ट्रिय सेवा दलद्वारा सञ्चालित १७ औं ब्याच सिनियर डिभिजन तालिमको दिक्षान्त कवाज
- स्वास्थ्य सेवा दिवस, २०७९ को अवसरमा आयोजित कार्यक्रम
- Women Health Conference, 2023 को समापन कार्यक्रम
- दोस्रो त्रैमासिक समीक्षा तथा मन्त्रालयस्तरीय समस्या समाधान समितिको बैठक
- विश्व उपभोक्ता अधिकार दिवसको अवसरमा उद्योग मन्त्रालयद्वारा आयोजित कार्यक्रम
- अर्धवार्षिक समीक्षा तथा राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक
- नेपाल सरकारका राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतहरूका लागि ४४ औं वरिष्ठ कार्यकारी विकास कार्यक्रम
- संघीयता कार्यान्वयनको अवस्थासम्बन्धी प्रदेशस्तरीय छलफल
- UN South Asia Forum on Business and Human Rights Program
- बंगलादेशको ५४ औं राष्ट्रिय स्वतन्त्रता दिवसको अवसरमा आयोजित कार्यक्रम
- नेपाल राष्ट्रिय जल तथा मौसम सप्ताह समारोह
- संघीयतासम्बन्धी विराटनगरमा भएको छलफल कार्यक्रम
- नेपाल गलैंचा उत्पादक तथा निकासीकर्ता संघको ५ औं वार्षिक साधारणसभा
- खेलकुद पूर्वाधार नीति संवाद, २०७९ कार्यक्रम
- विधायन तर्जुमामा देखिएका समस्या र सुधारका सम्भावनाहरू विषयक अन्तरक्रिया
- नेपाल औषधी लिमिटेडको नीतिगत विषयमा भएको छलफल
- स्वदेशी तथा विदेशी संस्था र व्यक्तिहरूद्वारा विभिन्न अवसरमा आयोजना गरिएको चियापान, रात्रीभोज, दिवाभोजलगायतका कार्यक्रम ।

- सचिवालयबाट टेलिफोनमार्फत् ५,५०० पटक जनसम्पर्क गरी सेवा प्रवाहमा समन्वय र सहजीकरण गर्नुका साथै मुख्यसचिवज्यूसँग भएका व्यक्तिगत भेटघाट व्यवस्थापन गरिएको।

- संवैधानिक अङ्गका पदाधिकारी, प्रदेश प्रमुख, नेपाल सरकारका सचिवहरू र अन्य विभागीय प्रमुखहरूको सम्पर्क नम्बर, इमेल र वरीयताक्रम अद्यावधिक गरिएको । नेपाल सरकारका विशिष्ट श्रेणीका पदाधिकारीहरूलाई बैठक र छलफलका लागि सञ्चार सम्पर्क गरिएको ।
- मुख्यसचिवज्यूको निर्देशनबमोजिम १८१ वटा पत्रहरू कार्यान्वयनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवज्यूहरू समक्ष पेस गरिएको ।
- नेपाल सरकारका सचिवहरूको ६६ वटा स्वदेश भ्रमण तथा २१ वटा विदाको विद्युतीय अभिलेख राख्नुका साथै भ्रमण प्रतिवेदनको अभिलेखीकरण र कार्यान्वयनको लागि सम्बन्धित सचिवसमक्ष प्रस्तुत गरिएको । सचिवहरूको हाजिरी र परिचय-पत्र व्यवस्थापनलाई निरन्तरता दिइएको।

सचिव बैठकका सबै निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस् ।

## मन्त्रिपरिषद् बैठक तथा संवैधानिक निकाय महाशाखा

### ५.२ मन्त्रिपरिषद् बैठक शाखा र मन्त्रिपरिषद् निर्णय कार्यान्वयन अनुगमन शाखा

- २०७९ माघ १ देखि चैत मसान्तसम्म मन्त्रिपरिषद्का १८ वटा बैठक बसी ३५५ वटा निर्णयहरू भएकोमा उक्त बैठकहरूको निर्णय, लेखन, निकासा, अभिलेख तथा सञ्चारसम्बन्धी कार्य गरिएको ।
- मन्त्रिपरिषद्का समितिहरूको ६ वटा बैठक बसी ११ वटा निर्णयहरू भएकोमा उक्त बैठकहरूको निर्णय लेखन, निकासा, अभिलेख तथा सञ्चारसम्बन्धी कार्य गरिएको ।
- नेपाल सरकार मन्त्रिपरिषद्का विभिन्न बैठकबाट भएका निर्णयहरूको कार्यान्वयन र अनुगमन प्रयोजनार्थ विभिन्न निकायहरूमा पठाइएकोमा मन्त्रिपरिषद्बाट भएका १४६ वटा निर्णयहरूको विवरण अद्यावधिक गरिएको ।
- सम्माननीय प्रधानमन्त्री एवं मन्त्रिपरिषद्को निर्णयबाट नियुक्ति/मनोनयन हुने राजनीतिक प्रकृतिका नियुक्ति सम्बन्धी रिक्त/कार्यरत पदहरूको विवरण अद्यावधिक गरिएको।
- मन्त्रिपरिषद्को मिति २०७५/०३/२० को निर्णयानुसार विभिन्न निकाय/मन्त्रालयअन्तर्गत रहेका आयोग, प्रतिष्ठान, बोर्ड, समिति वा यस्तै प्रकारका संस्थाहरू (कायम रहेका, विघटन भएका एवं विघटन वा कायम गर्ने निर्णय नभएका) को सम्बन्धमा पत्राचार गरी प्राप्त प्रगति विवरणको आधारमा अद्यावधिक गर्ने कार्य सम्पन्न भएको।
- सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउनेसम्बन्धी कार्यनीति, २०७९ र यसपूर्वको कार्यनीति समेतका आधारमा हालसम्म लिजमा उपलब्ध गराइएका कतिपय जग्गाहरूको तोकिए- बमोजिमको शर्त पालना नभएको र कतिपय जग्गाहरूको अनुगमन हुन बाँकी रहेको देखिएको हुँदा उपर्युक्त नीति बमोजिम अनुगमन गरी नियमानुसार कारबाही

प्रक्रिया अघि बढाउने व्यवस्थाका लागि मिति २०७९/११/२८ गते भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग समन्वय गरिएको ।

- नेपाल सरकार (मन्त्रिपरिषद् बैठक) का निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस्

## ५.३ मन्त्रिपरिषद् समिति तथा संवैधानिक निकाय शाखा

| समितिको नाम | बैठक संख्या | निर्णय संख्या |
|---|---|---|
| प्रशासन समिति | ३ | ३ |
| सामाजिक समिति | - | - |
| आर्थिक तथा पूर्वाधार समिति | २ | ७ |
| विधेयक समिति | १ | १ |
| **जम्मा** | ६ | **११** |

मन्त्रिपरिषद् समितिका सबै निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस् ।

## प्रशासन महाशाखा

## ५.४ प्रशासन शाखा

- कार्यालय र मातहतका निकायको जनशक्ति व्यवस्थापनसम्बन्धी कार्यअन्तर्गत कर्मचारीको नियुक्ति, सरुवा, काज, हाजिरी, बिदा, बढुवा, पुरस्कार, तालिम, छात्रवृत्ति मनोनयन, निवृत्तिभरण र अवकाश सम्बन्धी कार्यहरू गरिएको ।
- कार्यालयको दैनिक प्रशासन सञ्चालन तथा आन्तरिक व्यवस्थापनको कार्य गरिएको ।
- कार्यालय बैठकलगायतका अन्य बैठकको व्यवस्थापन तथा निर्णय कार्यान्वयनका लागि समन्वय गरिएको ।
- कार्यालय परिसरभित्र सरसफाइ एवं हरियाली प्रवर्धनसम्बन्धी कार्य गरिएको ।
- यस कार्यालयको डा. हर्क गुरुङ हलमा ध्वनि प्रणाली तथा अन्य मेशिनरी जडान र तथा फर्निसिङको काम सम्पन्न हुने क्रममा रहेको ।
- वार्षिक खरिद योजनाअनुरुपका निम्न खरिद कार्यहरू सम्पन्न गरिएको:
  - यस कार्यालयका लागि आवश्यक स्टेशनरी तथा मसलन्द सामग्री खरिदसम्बन्धी प्रक्रिया सम्पन्न गरी सम्झौता समेत भैसकेको।
  - कार्यालय र परिसर सरसफाइका लागि आवश्यक सामग्री खरिदसम्बन्धी प्रक्रिया सम्पन्न गरी सम्झौता गरिएको ।
  - सोझै खरिद गर्नुपर्ने प्रकृतिका वस्तु तथा परामर्श सेवा नियमित रुपमा खरिद गरिएको ।

## ५.५ आर्थिक प्रशासन शाखा

- आ.व. ०७८/७९ को अन्तिम लेखापरीक्षण सम्पन्न गरी महालेखापरीक्षकको कार्यालयबाट प्रतिवेदन समेत प्राप्त भैसकेको ।
- आ.व. २०७९/८० को विनियोजन, राजस्व, धरौटी, कार्य सञ्चालनको दोस्रो त्रैमासिकको आन्तरिक लेखापरीक्षण सम्पन्न गराइएको ।
- TDS लाई आन्तरिक राजस्व विभागले तयार पारेको सफ्टवेयरमार्फत् प्रविष्टि गर्ने कार्य नियमित रुपमा गरिएको ।
- आर्थिक प्रशासनसँग सम्बन्धित महाशाखा/शाखाबाट माग गरिएको राय समयमा नै उपलब्ध गराइएको ।
- चालु आर्थिक वर्षको लागि यस कार्यालय तथा मातहत कार्यालयहरूको लागि अपुग बजेट अर्थ मन्त्रालयमा माग गरिएको ।
- मातहत कार्यालयहरूको बेरुजु लगत सङ्कलन गरी विवरण अद्यावधिक गरिएको तथा सम्बन्धित निकायहरूमा फाँटवारी पठाइएको ।

## सामाजिक विकास तथा रूपान्तरण महाशाखा

## ५.६ महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा सामाजिक सुरक्षा शाखा

- मिति २०७९/१२/२१ गते सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड'को प्रमुख आतिथ्यमा बसेको बैठकबाट लुम्बिनी गार्डेन फाउण्डेसन स्पेनबाट, प्राप्त हुने सेतो जेड बुद्ध मूर्ति स्थापनाको काम अघि बढाउन भएको निर्देशन कार्यान्वयनको लागि राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना बनाई सञ्चालन गर्न गुरुयोजनाको प्रारम्भिक खाकासहितको नीतिगत विषय स्वीकृतिका लागि नेपाल सरकार मन्त्रिपरिषद्समक्ष प्रस्ताव पेस गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई पत्राचार गरिएको ।

## ५.७ शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद शाखा

- शैक्षिक सत्र २०८० का लागि विद्यालय तहमा पाठ्यपुस्तकको अभाव हुन नदिन तथा शैक्षिक सत्र सुरु हुनु अगावै विद्यार्थीको हातमा पाठ्यपुस्तक पुग्ने सुनिश्चितताको लागि वस्तुनिष्ठ कार्ययोजना निर्माण गरी कार्यान्वयनका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेडलाई निर्देशन दिइएकोमा कक्षा ६ देखि १० सम्मका पाठ्यपुस्तक जनक शिक्षा सामग्री केन्द्र र कक्षा १ देखि ५ सम्मका पाठ्यपुस्तक निजी क्षेत्रबाट छपाइ भैरहेको विषय दैनिक अनुगमन गरी चैत्र २६ गतेबाट पाठ्यपुस्तकहरू बिक्री कार्यको सुरुवात सुनिश्चितता गरिएको ।

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रतिनिधिसहित यस कार्यालयको अनुगमन टोलीले काठमाण्डौं उपत्यकास्थित ५ वटा सरकारी अस्पताल र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको अनुगमन गरी तयार पारेको प्रतिवेदनका सुझाव कार्यान्वयनका लागि २०७९/१०/११ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवहरूको अध्यक्षतामा सम्बन्धित अस्पतालका प्रमुखहरूसमेतको उपस्थितिमा बैठक गरिएको । बैठकले स्वास्थ्य सेवालाई अझ गुणस्तरीय, प्रभावकारी सर्वसाधारणको पहुँचयोग्य एवं प्रविधिमैत्री बनाउन अस्पतालमा भएका सबै उपकरणहरू चालु अवस्थामा राख्न, सरसफाइमा थप ध्यान दिन, सेवाका लागि पर्खनुपर्ने समय कम गर्ने, जीवन रक्षक औषधी सहज रुपमा उपलब्ध हुनसक्ने बनाउन तथा औषधीको गुणस्तर नियमन प्रभावकारी बनाउने, स्वास्थ्य बीमाको सेवा सहज बनाउने र यसको आन्तरिक तथा बाह्य समन्वय प्रभावकारी बनाउन तत्कालै थप प्रयास गर्ने विषयमा कार्ययोजना बनाउन अस्पतालहरूलाई निर्देशन गर्नुका साथै अनुगमन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिएको ।
- मिति २०७९/१२/२२ गते कोभिड—१९ संकट व्यवस्थापन समन्वय केन्द्रका पदाधिकारीहरूको बैठक बसी कोभिडका नयाँ सव—भेरिएन्ट फैलिएको र डेङ्गु, मौसमजन्य एवं फ्लुजस्ता संक्रामक रोगबाट बच्न सचेतना अपनाउन सूचना प्रवाह गर्ने, ‘खोज र नष्ट गर’ अभियान सञ्चालन गर्न तीनै तहका सरकारसँग अनुरोध गर्ने, आवश्यक पर्नसक्ने खोप, औषधी, औजार एवं उपकरणको मौज्दात संकलन तथा आयात गर्नुपर्ने लजिष्टिक सरसामानको सूची तयार गर्ने निर्णय भै सम्बन्धित निकायमा कार्यान्वयनका लागि समन्वय गरिएको ।

## प्रादेशिक समन्वय तथा योजना महाशाखा

### ५.८ प्रादेशिक समन्वय शाखा

- प्रदेश प्रमुखको अनुपस्थितिमा प्रदेश प्रमुखले गर्नुपर्ने कामका सम्बन्धमा कानून निर्माणका लागि गठित प्रारम्भिक मस्यौदा तयारी समितिले प्रचलित प्रदेश प्रमुखको पारिश्रमिक तथा सुविधासम्बन्धी ऐन, २०७४ मा संशोधन गर्न उचित ठानेअनुसार संशोधनको मस्यौदा समेत तयार गरी प्रतिवेदन पेस गरेको।
- संघ र प्रदेश तहको समन्वय र सहकार्यका लागि सम्माननीय प्रधानमन्त्रीस्तरको मिति २०७९/११/२६ को निर्णयानुसार श्रीमान् मुख्यसचिवको संयोजकत्वमा प्रशासनिक समन्वय परिषद् गठन भएको ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सातवटै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबीच प्रत्यक्ष संवादका लागि जडान भएका Action Room का पूर्वाधारहरू निर्बाधरुपमा

सञ्चालनका गर्नका लागि चालु र चुस्तदुरुस्त अवस्थामा राख्न सातवटै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरिएको ।

- संघीय संसद्, राष्ट्रिय सभा, राष्ट्रिय सरोकार तथा समन्वय समितिबाट माग भएको संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिका सिफारिशहरू कार्यान्वयनको प्रगति विवरण उपलब्ध गराउन विभिन्न निकायमा पत्राचार गरिएको।
- शिष्टाचार भेटघाट, राष्ट्रपतिको भ्रमणलगायतका प्रदेशसँग समन्वय गर्नुपर्ने पत्रहरू प्रदेशमा पत्राचार गरिएको र प्रदेशबाट समन्वयका लागि प्राप्त पत्रहरू सम्बन्धित निकायमा पठाइएको।

## ५.९ योजना, अनुगमन तथा विपद् समन्वय शाखा

- सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गतका निकायहरूको दोस्रो त्रैमासिक प्रगति समीक्षा तथा मन्त्रालयगत विकास समस्या समाधान समितिको बैठक मिति २०७९/११/३० गते सम्पन्न गरिएको ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको रणनीतिक योजना तयारीका लागि श्रीमान् मुख्यसचिवज्यूको अध्यक्षतामा निर्देशक समितिको बैठक आयोजना गरिएको ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गतका निकायहरूको समेत अनलाइन मनिटरिङ प्रणालीमा रहेका क्रियाकलाप तथा माइलस्टोनहरूको मासिक प्रगति प्रविष्टि गरिएको।
- मध्यमकालीन खर्च संरचना २०८१/८२-२०८३/८४ का लागि आवश्यक विवरण माग गरी प्रविष्टि गरिएको ।
- आगामी वर्षको बजेट तर्जुमाका लागि यस कार्यालय र अन्तर्गतका निकायहरूको बजेट सीमा निर्धारण गरिएको तथा प्रस्तावित कार्यक्रमहरू LMBIS मा प्रविष्टि र अर्थ मन्त्रालयसँग छलफल सम्पन्न भएको ।
- आर्थिक वर्ष २०८०/८१ का लागि प्रस्तावित कार्यक्रम तथा मध्यमकालीन खर्च संरचनाबारे राष्ट्रिय योजना आयोगमा नीतिगत छलफल सम्पन्न गरिएको ।

# राष्ट्रिय सुरक्षा तथा कूटनीति समन्वय महाशाखा

## ५.१० सूचना, सञ्चार तथा वैदेशिक समन्वय शाखा

**सूचनाको हक कार्यान्वयनसम्बन्धमा**

- यस आ.व.को तेस्रो त्रैमासिकमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्दै यस कार्यालयका सूचना अधिकारीलाई सम्बोधन गरी प्राप्त भएका २१ वटा निवेदनमा आवश्यक कारबाही गरी सूचना उपलब्ध गराइएको । अन्य निकायसँग सम्बन्धित निवेदनहरू सम्बन्धित निकायमा लेखी पठाइएको । (थप विवरण प्रतिवेदनको <u>क्र.सं १०</u> मा समावेश गरिएको छ)

- श्री दिपक खनाल, दाङले यस कार्यालयलाई विपक्षी बनाई लुम्बिनी बौद्ध विश्वविद्यालयका रजिष्ट्रारको नियुक्तिसम्बन्धी विवरण माग गरिएको विषयमा श्री राष्ट्रिय सूचना आयोगमा दायर गरेको रिट निवेदनको लिखित जवाफ तयार गरी मिति २०७९/१२/१२ मा आयोगमा पठाइएको।

## राजदूत नियुक्ति सहमति

- नेपालसँग दौत्यसम्बन्ध कायम भएका निम्न मित्रराष्ट्रका आवासीय राजदूतको नियुक्तिका लागि सहमति प्रदान गरिएको:

| क्र.सं | राजदूतको नाम | मित्र राष्ट्रको नाम | सहमति प्रदान गरिएको मिति |
|---|---|---|---|
| १. | H.E. Robert Dominic Russell Fenn | बेलायत | २०७९/११/२३ |

- नेपालसँग दौत्यसम्बन्ध कायम भएका निम्न मित्रराष्ट्रका गैरआवासीय राजदूतको नियुक्तिका लागि सहमति प्रदान गरिएको:

| क्र.सं | राजदूतको नाम | मित्र राष्ट्रको नाम | सहमति प्रदान गरिएको मिति |
|---|---|---|---|
| १. | H.E. Mr. Jan Thesleff | स्वीडेन अधिराज्य | २०७९/१०/१६ |
| २. | H.E. Mr. Nguyen Thanh Hai | गणतन्त्र भियना | २०७९/१०/१६ |
| ३. | H.E. Mrs. Didier Anna L. Vanderhasselt | बेल्जियम अधिराज्य | २०७९/१०/१६ |

## वैदेशिक भ्रमण तथा भिसा सहजीकरण

- तेस्रो त्रैमासिक अवधिमा देहायबमोजिम प्रदेशका पदाधिकारी तथा कर्मचारीहरूलाई वैदेशिक भ्रमणको सहमति उपलब्ध गराउने तथा राहदानी र भिसाको सन्दर्भमा सहजीकरण गरिएको:

| प्रदेश | पदाधिकारी | पद | भ्रमण गर्ने देश | कार्यक्रम | सहमतिका लागि पत्राचार गरिएको मिति | सहमति प्राप्त भए/नभएको |
|---|---|---|---|---|---|---|
| कोशी | श्री बुद्धिकुमार राजभण्डारी | सामाजिक विकास मन्त्री | भारत | Kamala Power Women Awards 2023 | २०७९/११/२५ | सहमति प्राप्त नभएको |
| मधेस | श्री संजय कुमार यादव | अर्थमन्त्री | जापान | Political Social Interexchange Program | | सहमति प्रदान नभएको |
| | श्री सरोज कुमार यादव | भौतिक पूर्वाधार विकास मन्त्री | दक्षिण कोरिया | The 25th World Scout Jamboree-2023 | २०७९/११/१० | सहमति प्राप्त नभएको |
| बागमती | श्री ज्ञानेन्द्र नेपाल | मुख्य न्यायाधिवक्ता | भारत | Training Programme for Attorneys | २०७९/१२/०१ | सहमति प्रदान तथा राहदानी सिफारिश |
| | श्री रामेश्वर श्रेष्ठ | स्वास्थ्य मन्त्री | स्वीट्जरल्याण्ड | स्वास्थ्य संस्था र अस्पतालमा अवलोकन भ्रमण | २०७९/११/३० | सहमति प्राप्त नभएको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | श्री एकालाल श्रेष्ठ | श्रम, रोजगार तथा यातायात मन्त्री | यूएई | एसियन चेस समिट | २०७९/११/१० | सहमति प्रदान नभएको |
| | श्री रामशरण सापकोटालगायतका कर्मचारीहरू | प्रदेश सचिव | दक्षिण कोरिया | Visit Far East University | २०७९/१०/२२ | सहमति प्रदान, राहदानी र भिसा सहजीकरण |
| गण्डकी | श्री रेखा गुरूङ | प्रदेश सभा सदस्य | यूएई | दुबई भेला तथा साधारण सभा २०२३ | २०७९/१०/२३ | राहदानी सिफारिश |
| कर्णाली | श्री वेदराज सिंह | प्रदेश सभा सदस्य | अमेरिका | The Youth Impact Summit | २०७९/१०/२३ | सहमति प्राप्त नभएको |

## प्रदेशको भ्रमण सहजीकरण

- बेलायती राजदूतावासका विकास निर्देशक Ms. Pippa Bird को मार्च २, २०२३ मा भएको कर्णाली प्रदेशको भ्रमण एवं उक्त प्रदेशका माननीय मुख्यमन्त्री, प्रमुख सचिव, सचिवलगायतका पदाधिकारीहरूसँगको भेटघाटको समन्वय गरिएको ।

## अन्य कार्यहरू

- सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित आर्थिक वर्ष २०७९/८० को दोस्रो त्रैमासिक विवरण (२०७९ कार्तिक-पुस) तयार गरी कार्यालयको वेबसाइटमार्फत् सार्वजनिक गरिएको।
- राष्ट्रिय सूचना आयोग लगायत सरोकारवाला निकायबाट माग भै आएका विवरण समयमा नै उपलब्ध गराइएको ।
- प्रदेशमा कार्यरत पाँच जना कर्मचारीहरूलाई वैदेशिक भ्रमण/तालिमका सन्दर्भमा विभिन्न देशको भ्रमणका लागि विशेष राहदानी उपलब्ध गराउन सिफारिश गरिएको ।

## ५.११ सुशासन प्रवर्धन तथा भ्रष्टाचार निगरानी शाखा

- **सचिव एवं उच्च व्यवस्थापन समूहको बैठकः** मिति २०७९/१२/२७ गतेको सचिव बैठकले गरेका विभिन्न निर्णय कार्यान्वयनको लागि सम्बन्धित निकायमा पठाइएको ।
- **उजुरी/गुनासोहरूको सम्बोधनः** विभिन्न व्यक्ति/संस्थाहरूबाट प्राप्त ज्ञापनपत्र/उजुरी/गुनासोहरू सम्बोधन गर्ने क्रममा सम्बन्धित मन्त्रालय/निकायमा आवश्यक कारबाहीको लागि समन्वय गरिएको ।
- नेपालको संविधानको धारा ५३ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ बमोजिमको वार्षिक प्रतिवेदन तयार गरी मिति २०७९/११/२१ गते सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेस गरिएको ।
- **सम्पत्ति विवरण संकलन एवं अभिलेख व्यवस्थापनः** यस शाखामा प्राप्त भएको संवैधानिक निकायका पदाधिकारी, महान्यायाधिवक्ता, राष्ट्रपति तथा उपराष्ट्रपतिबाट मनोनीत तथा नियुक्त

अन्य पदाधिकारी, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष तथा सदस्यहरू र प्रदेश प्रमुखहरूको सम्पत्ति विवरणको अभिलेख राखी राष्ट्रिय सतर्कता केन्द्रमा पठाइएको।

- विभिन्न मन्त्रालयसँगको सहकार्यमा सेवा प्रवाहमा सुधारको लागि कार्ययोजना बनाइएको ।

## ५.१२ सम्पत्ति शुद्धीकरण तथा राजस्व अनुसन्धान शाखा

- सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण (AML/CFT) सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०७६-२०८१) को कार्यान्वयन तथा APG बाट हाल नेपालको AML/CFT कार्यान्वयन सम्बन्धमा भइरहेको पारस्परिक मूल्याङ्कनलाई सफल पार्ने सम्बन्धमा तोकिएका निकायहरूको सहभागितामा बैठक तथा अन्तरक्रिया गरिएको।
- माननीय उपप्रधान मन्त्री एवं अर्थमन्त्रीको अध्यक्षतामा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०७६-२०८१) मा भएको व्यवस्थाबमोजिमको राष्ट्रिय पुनरावलोकन परिषद्को बैठक सम्पन्न भएको।
- नेपालको सम्पत्ति शुद्धीकरण निवारण तेस्रो पारस्परिक मूल्याङ्कनअन्तर्गत APG (Asia Pacific Group on Money Laundering) बाट प्रथम तथा दोस्रो मस्यौदा प्रतिवेदन प्राप्त भै त्यसउपर सम्बद्ध निकायबाट प्रतिक्रिया लिने कार्य भइरहेको।
- AML/CFT National Reporting System Software को प्रयोग सम्बन्धमा सम्बद्ध निकायहरूको लागि अभिमुखीकरणको आयोजना गरिएको ।
- नेपाल सरकारको नीतिगत प्राथमिकता र न्यूनतम कार्यक्रम तथा सम्माननीय प्रधानमन्त्रीज्यूले संसद्मा गर्नुभएको सम्बोधन एवं नेपाल सरकारका सचिवज्यूहरूलाई दिनुभएको निर्देशन सम्बन्धमा यस शाखा र सम्बद्ध विभागसँग सम्बन्धित कार्ययोजना तयार गरी मिति २०७९/१०/१८ मा योजना अनुगमन तथा विपत् समन्वय शाखामा पठाइएको।
- सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण (AML/CFT) सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०७६-२०८१) को वार्षिक प्रगतिको प्रारम्भिक खाका तयार पारिएको।

## ५.१३ हेलो सरकार कक्ष

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र विभिन्न मन्त्रालय तथा निकायहरूसँग सम्बन्धित विषयमा प्राप्त हुने विभिन्न किसिमका जनगुनासो र सुझावहरूको उचित सुनुवाइ गर्न, मन्त्रालयबाट हुने नीतिगत निर्णय, कार्य सञ्चालन र शान्ति सुरक्षाको स्थितिको सम्बन्धमा जानकारी लिई शासकीय व्यवस्थामा सुधार गरी जनमुखी प्रशासन व्यवस्थाको प्रवर्धन गर्नका लागि गुनासो गर्न चाहने जो

कोहीलाई देहायबमोजिमको माध्यमबाट हेलो सरकार कक्षको शाखामा सूचना दिने व्यवस्था मिलाइएको।

- टोल फ्रि टेलिफोन नम्बर ११११ मा टेलिफोन गरी शाखाका कर्मचारीलाई टिपाएर ।
- शाखाको फ्याक्स नम्बर ११०० मा फ्याक्स गरेर ।
- शाखाको 1111@nepal.gov.np मा इमेल गरेर ।
- कार्यालयको बेवसाइट www.gunaso.opmcm.gov.np को Complaints and Suggestion बाट पठाएर ।
- ट्वीटर तथा फेसबुक पेजको गुनासो गेटमा सन्देश पठाएर ।
- मोबाइल एपमा गुनासो पठाएर ।
- हेलो सरकार शाखामा पत्र पठाएर ।
- गुनासोकर्ता स्वयं उपस्थित भई विवरण टिपाएर ।
- एस.एम.एसमार्फत गुनासो पठाएर ।
- Viber मार्फत् गुनासो पठाएर ।
- अन्य

**हेलो सरकार शाखाबाट तेस्रो त्रैमासिक अवधिमा सम्पादन भएका मुख्य-मुख्य कामहरू**

- हेलो सरकार कक्षमा विभिन्न माध्यम (हेलो सरकार वेब पोर्टल, फेसबुक, भाइबर, ट्वीटर, इमेल, नागरिक एप, फोन सम्पर्क तथा उपस्थित भएर) बाट प्राप्त ३,२०५ (प्राप्त भएका गुनासा र फछ्र्यौटका लागि पुनः प्राप्त भएका समेत) गुनासोहरूलाई अध्ययन गरी सम्बन्धित निकायमा पठाउन उपयुक्त देखिएका गुनासो आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा पठाइएको।
- यस अवधिमा (२०७९ माघ १ गतेदेखि चैत्र मसान्तसम्म) सम्बन्धित निकायबाट समाधान भै आएकामध्ये फछ्र्यौट गर्न उपयुक्त देखिएका १,०३१ गुनासो गरिएको ।
- मिति २०७६/०४/०१ देखि सञ्चालनमा आएको नयाँ विद्युतीय पोर्टलमा २०७६/०४/०१ देखि हालसम्म प्राप्त गुनासोमध्ये ६१.०७७ प्रतिशत गुनासो फछ्र्यौट भएको।
- आ.व. २०७९/८० को चैत मसान्तसम्ममा विभिन्न माध्यममाबाट प्राप्त कुल गुनासो ७,८१७ मध्ये ३,१९९ गुनासो फछ्र्यौट गरिएको ।
- गुनासो व्यवस्थापनसँग सम्बन्धित अन्य नियमित तथा आकस्मिक कार्यहरूका साथै शाखाका प्रशासनिक कार्यहरू सम्पादन गरिएको।

## ५.१४ तत्काल समस्या समाधान केन्द्र, नतिजा विश्लेषण तथा व्यवस्थापन शाखा

- एकीकृत अनुगमन प्रणालीमार्फत प्राप्त प्रगति विवरणको आधारमा नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रमको प्रगति प्रतिवेदन तयार पारिएको ।
- नेपाल सरकारको न्यूनतम कार्यक्रम, सम्माननीय प्रधानमन्त्रीबाट व्यवस्थापिका संसद्मा भएको सम्बोधन र नेपाल सरकारका सचिवज्यूहरूलाई भएका निर्देशनका विषयहरूको कार्यान्वयनका लागि एकीकृत कार्ययोजना तयार गरिएको।
- यस शाखाबाट अनुगमनका लागि छनौट भएका विभिन्न ३० आयोजनाहरूको आ.व. २०७९/८० को प्रगति विवरण सम्मिलित अर्धवार्षिक (पौष मसान्तसम्मको) प्रगति प्रतिवेदन तयार गरिएको। राष्ट्रिय महत्त्वका ३० वटा आयोजनाहरूको कार्यान्वयन स्थिति, कार्यान्वयनमा देखिएका समस्याहरू पहिचान गरिएको ।
- केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको नियमित बैठक आयोजना गरिएको । राष्ट्रिय परिचय-पत्र, राहदानी, सवारी चालक अनुमति-पत्र वितरणसम्बन्धी कार्यमा भएको सरलीकरण, कोभिड, डेङ्गुजस्ता महामारीको नियन्त्रणका लागि भएका व्यवस्था, खाद्य पदार्थ तथा फलफूलमा हुने विषादी परीक्षणको अवस्था र अनुगमन तथा नेपाल सरकारको नीतिगत प्राथमिकता र साझा न्यूनतम कार्यक्रम कार्यान्वयनको तयारीलगायतका विषयमा निर्णयहरू गरिएको ।
- केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको बैठकमा भएका निर्णयहरूको कार्यान्वयन स्थिति सम्बन्धमा सम्बन्धित निकायहरूमा समन्वय गरिएको ।

## ५.१५ सूचना प्रविधि शाखा

- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेबसाइट, क्याबिनेट स्वचालन प्रणाली, यस कार्यालयको स्वचालित कार्यालय प्रणाली, विद्युतीय हाजिरी प्रणाली, एकीकृत अनुगमन प्रणाली, SMS Portal, हेलो सरकारलगायतका सम्पूर्ण पोर्टलहरू अद्यावधिक तथा नियमित सञ्चालन गरिएको ।
- १५५ जना कर्मचारीहरूको परिचय-पत्र छपाइ गरिएको ।
- कार्यालयको स्टुडियो सेट सञ्चालनको लागि तयारी अवस्थामा राखिएको ।
- नेपाल टेलिकमको Intranet (L2) Link को अवस्थाको चेकजाँच गरी Action Room सञ्चालन गर्ने प्रयोजनार्थ यस कार्यालय र प्रधानमन्त्री निवास बालुवाटारमा परीक्षण गरी सातै प्रदेशमा उक्त Link Setup का लागि काम भैरहेको।

- हेलो सरकार शाखाको स्थानान्तरण गर्ने क्रममा नयाँ स्थानमा सूचना प्रविधिजन्य उपकरणहरू जडानमा सहयोग तथा सहजीकरण गरिएको।
- कार्यालयमा सामाजिक सञ्जालको प्रयोग गर्ने कार्यविधि निर्माण गर्न आवश्यक गृहकार्य गरी पेस गरिएको।
- गुनासो व्यवस्थापन प्रणाली, मन्त्रिपरिषद्, मन्त्रिपरिषद् समिति र मन्त्रिपरिषद् निर्णय कार्यान्वयन प्रणालीको स्तरोन्नतिका लागि कार्यशर्त (TOR) तयार पारिएको ।
- एकीकृत अनुगमन प्रणालीको स्तरोन्नतिका लागि आवश्यकता पहिचान र प्रणाली आपूर्तिकर्ताहरूलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराइएको ।
- कार्यालयका लागि आवश्यक सूचना प्रविधिसम्बन्धी उपकरणहरूको आवश्यकता पहिचान, प्राविधिक स्पेसिफिकेसन तयारी तथा गुणस्तरको मूल्याङ्कन गरिएको।
- शाखा प्रमुखको अध्यक्षतामा गठित कार्यालयको विभिन्न खरिद कार्यको मूल्याङ्कन समितिको काम सम्पन्न गरिएको ।
- कार्यालयमा देखिएका यन्त्र, उपकरण एवं सूचना प्रविधिसँग सम्बन्धित समस्याहरू समाधान गरिएको ।

## लगानी, उत्पादन तथा रोजगार प्रवर्धन महाशाखा

### ५.१६ अर्थ, उद्योग, वाणिज्य शाखा तथा पर्यटन शाखा र कृषि, वन तथा वातावरण शाखा

- व्यापार घाटा न्यूनीकरण कार्ययोजना कार्यान्वयनसम्बन्धी बैठक विभिन्न मितिमा सम्पन्न भै देखिएका समस्याबारे छलफल गरी कार्ययोजना निर्माण गर्न सुझाव सङ्कलन गरिएको ।
- व्यापार घाटा न्यूनीकरणसम्बन्धी कार्ययोजनाको परिमार्जित मस्यौदा निर्माण गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमार्फत उक्त कार्ययोजना स्वीकृतिका लागि नेपाल सरकार मन्त्रिपरिषद्मा पेस भएको ।
- नेपालमा व्यावसायिक वातावरण निर्माण र ऊर्जा खपतसम्बन्धी कार्ययोजना तयार गरी पेस गरिएको ।
- मिति २०७९/११/०५ मा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र विकास साझेदारहरूसँगको संयुक्त आयोजनामा सरोकारवाला निकायसहितको सहभागितामा नेपालमा व्यावसायिक वातावरण सहजीकरणसम्बन्धी उच्चस्तरीय अन्तरक्रिया गरी Gap Analysis र सुधारका क्षेत्र पहिचान गरिएको।
- सार्वजनिक निकायहरूमा सञ्चालित विद्युतीय प्रणालीको प्रयोग र अन्य प्रणालीहरूसँगको अन्तरआबद्धता सम्बन्धी छलफल आयोजना गरी सम्बद्ध निकायका समस्या समाधान गर्न सुझाव तयार गरिएको ।

## ५.१७ कृषि, वन तथा वातावरण शाखा

- नेपालमा भर्मीकम्पोष्ट मलको प्रवर्धन गर्ने विषयमा कृषि विकास मन्त्रालय, नेपाल कृषि अनुसन्धान परिषद् र सरोकारवालाको सहभागितामा छलफल र प्रयोगशाला जाँचसहित प्रतिवेदन तयार गरी नेपालमा भर्मिकम्पोष्ट मल सम्बन्धमा नीति संक्षेप तयार पारिएको ।
- कालिमाटीस्थित फलफूल तथा तरकारी बजारमा रहेको विषादीको मात्रा परीक्षणसम्बन्धी प्रयोगशालाको अनुगमन गर्दा विषादीको नियमित रुपमा परीक्षण हुने गरेको तर उपकरण, जनशक्तिको कमी रहेको देखिएकोले परीक्षणलाई प्रभावकारी बनाउन निर्देशन दिइएको ।
- वन तथा वातावरण मन्त्रालयबाट सम्पादन हुने काममा ढिलासुस्ती, अनियमितता तथा प्रभावकारिता अभाव रहेको भनी सेवाग्राही एवं जनस्तरबाट पटक-पटक गुनासो प्राप्त भएको सन्दर्भमा वातावरणीय प्रभाव मूल्याङ्कन तथा जग्गा प्राप्तिलगायतका आयोजना तथा कार्यक्रमको विषयमा अनुगमन गरी कार्यसम्पादनमा सुधार ल्याउन सहजीकरण र समन्वय गरिएको ।

# पूर्वाधार विकास महाशाखा

## ५.१८ भौतिक पूर्वाधार, जलस्रोत तथा ऊर्जा र खानेपानी, शहरी विकास तथा सञ्चार शाखा

- मिति २०७९ माघ २९ गते राष्ट्रिय शहीद तथा शान्ति पार्क निजामती (स्मारक) यज्ञडोल (जलडोल) को स्थलगत अनुगमन गरी प्रतिवेदन पेस गरिको।
- मिति २०७९ फागुन ३० गते नागढुङ्गा सुरुङमार्ग आयोजनाको स्थलगत अनुगमन गरी प्रतिवेदन पेस गरिएको।
- मिति २०७९ चैत २६ गते राष्ट्रिय शहीद तथा शान्ति पार्क निजामती (स्मारक) यज्ञडोल (जगडोल) सामुदायिक वन पर्यापर्यटन प्रबर्द्धन तथा उद्यान व्यवस्थापनको विषयमा बसेको बैठकले गरेका निर्णय कार्यान्वयनका लागि सम्बन्धित निकायमा समन्वय गरिएको।
- विभिन्न मन्त्रालय तथा आयोजनासँग माघ मसान्तसम्मको वित्तीय र भौतिक प्रगतिको विवरण माग गरी "राष्ट्रिय गौरवका आयोजना" Project Profile तयार गरिएको र सो विवरण संघीय संसद् र राष्ट्रिय सभाको दिगो विकास तथा सुशासन समितिलाई उपलब्ध गराइएको ।
- जलविद्युत विकास नीति, २०५८ को अध्ययन विश्लेषणको लागि नीति अनुसन्धान प्रतिष्ठानसँग सम्झौता गरी काम भैरहेको ।
- राष्ट्रिय योजना आयोगबाट प्राप्त योजना, विकास, लेखापरीक्षण, छनौट तथा प्राथमिकीकरण सम्बन्धी मापदण्ड, २०७९ को मस्यौदामा राय/सुझाव उपलब्ध गराइएको ।
- भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको कार्यान्वयनसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०७९ को लागि राय/सुझाव उपलब्ध गराइएको ।

## कानून तथा फैसला कार्यान्वयन महाशाखा

### ५.१९ कानून तथा फैसला कार्यान्वयन शाखा

- यस कार्यालयसमेत विपक्षी भएको मुद्दामा सम्मानित अदालतबाट भएका आदेश (थान ४) कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा पठाइएको।
- आ. व. २०७९/८० को माघदेखि चैत मसान्तसम्म स्वीकृत भएका कानूनी दस्तावेजहरूको विवरणः

| क्र. सं. | विवरण | नयाँ/संशोधन स्वीकृत मिति |
|---|---|---|
| १. | संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ फिर्ता लिने सम्बन्धमा। | नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७९/११/४ गते स्वीकृत भएको। |
| २. | विकास आयोजनाको सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धमा विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृत दिने। | नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७९/११/११ गते स्वीकृत भएको। |
| ३. | संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७९ सम्बन्धी विधेयक संघीय संसदसमक्ष पेश गर्न स्वीकृति दिने। | नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७९/११/११ गते स्वीकृत भएको। |

**अन्य कार्यहरूः**

| क्र.सं. | विवरण | प्रगतिको अवस्था |
|---|---|---|
| १. | लिखित जवाफ/पुनरावेदन/प्रतिउत्तर पत्र सम्बन्धी | सम्माननीय प्रधानमन्त्री, नेपाल सरकार, मन्त्रिपरिषद्, संवैधानिक परिषद्, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई विपक्षी बनाई सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतहरूबाट म्याद प्राप्त हुन आएका ११३ थान मुद्दाहरूको लिखित जवाफ, पुनरावेदन पत्र तथा प्रतिउत्तर पत्र तयार गरी सम्बन्धित अदालतमा पठाइएको। |
| २. | फैसला कार्यान्वयन सम्बन्धी समन्वयात्मक काम | फैसला कार्यान्वयन सम्बन्धी विभिन्न मन्त्रालयहरूसँग समन्वय गरी कार्यान्वयनको प्रगति माग गरिएको। साथै, फैसला कार्यान्वयनको प्रगतिको प्रतिवेदन सम्मानित अदालतले माग गरेकोमा अन्य मन्त्रालयसँग सम्बन्धित थप १ वटा प्रतिवेदन तयार गर्न समन्वय गर्नुका साथै नियमित रूपमा छलफल गरी प्रतिवेदन तयार गर्न समन्वय गरिएको। |

## ५.२० मानव अधिकार शाखा

- मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयनको सुनिश्चितताको लागि संघस्तरमा विशिष्टीकृत समन्वय संयन्त्रको रूपमा रहेको मानव अधिकार राष्ट्रिय कार्ययोजना संघीय समन्वय समितिको दोस्रो बैठक मिति २०७९/१२/१४ मा सम्पन्न भएको । संघीय मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय मानव अधिकार आयोगलगायतका संवैधानिक आयोगहरूमा आवश्यक कार्यार्थ उक्त संघीय समन्वय समितिको बैठकको निर्णय पठाइएको।
- मानव अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय विशेष समाधीक्षकहरूले माग गरेको जानकारी तथा प्रश्नावली एवं संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिमा परेका उजुरीको जवाफ (१२ वटा) तयार गरी परराष्ट्र मन्त्रालयमार्फत सम्बन्धित निकायमा पठाइएको ।
- नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७९/७/१६ को निर्णयबाट स्वीकृत "मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना (आ.व.२०७७/७८-२०८१/८२) तथा विश्वव्यापी आवधिक पुनरावलोकन (तेस्रो चक्र) बाट प्राप्त सिफारिश कार्यान्वयन कार्ययोजना (२०७८-२०८२)" प्रकाशन गरिएको । उक्त कार्ययोजना संघीय मन्त्रालय, संवैधानिक आयोग, सबै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेशस्थित सबै मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोगलगायत मानव अधिकारको क्षेत्रमा क्रियाशील गैरसरकारी संस्थाहरूमा समेत वितरण गरिएको ।
- नेपाल सरकार (सचिवस्तर) मिति २०७९/९/१४ को निर्णयबाट विश्वव्यापी आवधिक पुनरावलोकनबाट प्राप्त सिफारिशहरूको कार्यान्वयनको सम्बन्धमा मध्यावधि प्रतिवेदन (Mid-term Report) तयार गर्न मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा प्रमुखको संयोजकत्वमा विभिन्न मन्त्रालय/निकायका पदाधिकारीहरू सदस्य रहने गरी एक समिति गठन भएकोमा उक्त समितिबाट मध्यावधि प्रतिवेदन (Mid-term Report) तयार गर्ने कार्य भैरहेको।
- नेपाल सरकार (सचिवस्तर) मिति २०७९/७/२० को निर्णयबाट Common Core Document लाई जनगणना र स्थानीय निर्वाचन तथा आर्थिक सामाजिक विषयसँग सम्बन्धित तथ्याङ्कअनुरुप अद्यावधिक गर्न मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा प्रमुखको संयोजकत्वमा विभिन्न मन्त्रालय/निकायका पदाधिकारीहरू सदस्य रहने गरी एक समिति गठन भै उक्त समितिबाट Common Core Document को मस्यौदा परिमार्जन गर्ने कार्य भैरहेको।
- नेपाल सरकार (सचिवस्तर) मिति २०७९/०८/१८ को निर्णयबाट भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको कार्यान्वयनसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०७९ तयार

गर्न मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा प्रमुखको संयोजकत्वमा विभिन्न मन्त्रालय/निकायका पदाधिकारीहरू सदस्य रहने गरी एक समिति गठन भै समितिले तयार गरेको मस्यौदाउपर सम्बन्धित मन्त्रालय, निकाय, संवैधानिक आयोगबाट प्राप्त पृष्ठपोषण (राय/सुझाव) अनुसार मस्यौदा परिमार्जन भैरहेको।

- नेपाल सरकार (सचिवस्तर) मिति २०७९/४/४ को निर्णयबाट राष्ट्रिय मानव अधिकार आयोगबाट हालसम्म नेपाल सरकारको नाममा प्राप्त सिफारिश कार्यान्वयनको अध्ययन, विश्लेषण र सोको प्रतिवेदन तयार गर्न मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा प्रमुखको संयोजकत्वमा विभिन्न मन्त्रालय/निकायका पदाधिकारीहरू सदस्य रहने गरी एक समिति गठन भै कार्य भैरहेको । साथै, राष्ट्रिय मानव अधिकार आयोगबाट प्राप्त भएका ९३ वटा सिफारिशहरू कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालय तथा निकायमा पठाइएको ।
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा २७ बमोजिम गठित समितिबाट सार्वजनिक निकायमा रहेका सूचनाको वर्गीकरण गर्ने काम सम्पन्न गरिएको ।

## इन्जिनियरिङ क्लस्टर

- राष्ट्रिय गौरव र विशेष विकास आयोजनाहरूको पूर्वाधार निर्माणसम्बन्धी अनुगमन तथा सहजीकरण:
  - मिति २०७९/१२/१२ मा कमला सिँचाइ व्यवस्थापन कार्यालय, सिरहाको स्थलगत अनुगमन ।
  - मिति २०७९/१२/१३ मा नेपाल रेल्वे कम्पनी, जनकपुरको स्थलगत अनुगमन ।
  - काठमाण्डौंको सुनधारास्थित धरहराको पुनर्निर्माण र विस्तारको क्रममा कर्मचारी सञ्चयकोषको स्वामित्वमा रहेको जग्गामा कायम भएको बाटोलगायतको विषयमा स्थलगत अनुगमन गरी आवश्यक सहजीकरण गरिएको ।

## ६. प्रवक्ता र सूचना अधिकारीको विवरण

यस कार्यालयसँग सम्बन्धित सूचना तथा निर्णयहरूको प्रभावकारी रूपमा सञ्चार तथा व्यवस्थापन गर्नका लागि प्रवक्ता, सहायक प्रवक्ता र सूचना अधिकारीको व्यवस्था गरिएको छ । राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतलाई कार्यालयको प्रवक्ता र राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई कार्यालयको सहायक प्रवक्ताको रूपमा जिम्मेवारी तोकिएको छ । कार्यालयसम्बद्ध सूचना माग गर्ने निवेदकहरूलाई सूचना, सञ्चार तथा वैदेशिक समन्वय शाखाबाट सहज रूपमा सूचना उपलब्ध हुने व्यवस्था मिलाइएको छ। सो शाखाको प्रमुखको रूपमा रहने राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई कार्यालयको सूचना अधिकारीको जिम्मेवारी दिने व्यवस्था गरिएको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले निर्दिष्ट गरेको ढाँचामा कुनै पनि नेपाली नागरिकले यस कार्यालयमा विधिवत् निवेदन दिई यस शाखामार्फत् आफूलाई आवश्यक परेको सूचना कानूनबमोजिम सहज रूपमा प्राप्त गर्न सक्ने व्यवस्था मिलाइएको छ ।

**प्रवक्ताको विवरण**

| नाम | : | नारायण प्रसाद भट्ट |
|---|---|---|
| पद | : | सहसचिव |
| महाशाखा | : | प्रशासन |
| फोन नं. | : | ९७७-१-५९७१०६९ |
| इमेलः | : | spokesperson@opmcm.gov.np |



**सहायक प्रवक्ताको विवरण**

| नाम | : | सन्तोष प्रसाद दाहाल |
|---|---|---|
| पद | : | उपसचिव |
| शाखा | : | तत्काल समस्या समाधान केन्द्र |
| फोन नं. | : | ९७७-१- ५९७१०२३ |
| इमेलः | : | vice-spokesperson@opmcm.gov.np |



**सूचना अधिकारीको विवरण**

| नाम | : | कविता फुयाल |
|---|---|---|
| पद | : | उपसचिव |
| शाखा | : | सूचना, सञ्चार तथा वैदेशिक समन्वय शाखा |
| फोन नं. | : | ९७७-१- ५९७१०१४ |
| इमेल | : | kabita.phuyal@nepal.gov.np |



## ७. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

**यस कार्यालयसँग सम्बन्धित ऐन, नियमावली तथा निर्देशिकाहरूको विवरण**

**ऐनहरू**

- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६
- लगानी बोर्ड ऐन, २०६८
- तथ्याङ्क ऐन, २०७९

**नियमावली तथा कार्ययोजनाहरू**

- प्रधानमन्त्री सहायता कोष नियमावली, २०५९
- नेपाल सरकार (कार्यसम्पादन) नियमावली), २०६४
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५
- नेपाल सरकार सुशासन कार्ययोजना, २०६८
- नयाँ नेपाल निर्माण कोष (सञ्चालन) नियमावली, २०६८
- संवैधानिक परिषद् (कार्यविधि) नियमावली, २०६८
- नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४

**निर्देशिकाहरू**

- "हेलो सरकार" कक्ष सञ्चालन निर्देशिका, २०६८
- सरकारी निकायको वेबसाइट निर्माण तथा व्यवस्थापनसम्बन्धी निर्देशिका , २०६८
- सार्वजनिक निकायको बैठक तथा कार्यक्रम सञ्चालन निर्देशिका, २०६९
- नेपाल सरकारका अति विशिष्ट तथा विशिष्ट श्रेणीका पदाधिकारीले गर्ने विदेश भ्रमण, दिवा तथा रात्रिभोज एवं उपहारसम्बन्धी निर्देशिका, २०७२
- सवारी साधन (सञ्चालन तथा मर्मत) सम्बन्धी निर्देशिका, २०७२
- जातीय भेदभाव र छुवाछुत अन्त्य तथा दलित अधिकार प्रवर्धनसम्बन्धी कार्यविधि, २०७३
- वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७५
- सरकारी निकायद्वारा सामाजिक सञ्जाल प्रयोग गर्ने कार्यविधि, २०७५

- प्रदेश तथा स्थानीय तहले विदेशी सरकार, नियोग, प्रतिनिधि र अन्तर्राष्ट्रिय संघसंस्थासँग सम्पर्क गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधिसम्बन्धी निर्देशिका, २०७६
- कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन निर्देशिका, २०७६
- नागरिक एप (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७८
- इ.पी.सी. माध्यमबाट खरिद गर्ने सम्बन्धी निर्देशिका, २०७८
- हेलो सरकार गुनासो व्यवस्थापन निर्देशिका, २०७८
- सार्वजनिक पदाधिकारीको कार्यसम्पादन करार निर्देशिका, २०७९
- तत्काल समस्या समाधान निर्देशिका, २०७९

## ८. आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण

तालिका १

| आ.व.२०७९/८० को तेस्रो त्रैमासिक खर्च तथा वार्षिक वित्तीय प्रगति विवरण | | | | | |
|---|---|---|---|---|---|
| **सि.नं.** | **ब.उ.शी.नं.** | **वार्षिक वजेट** | **तेस्रो त्रैमासिक खर्च** | | **कैफियत** |
| | | | **खर्च** | **वित्तीय प्रगति** | |
| **चालु** | ३०१०००१२३ | ३५६,८०५,५२६.०० | ६६,७७८,९४७.०० | १८.७२ | |
| | ३०१०००११३ | ७४,०००,०००.०० | ८,८१३,९२६.०० | ११.९१ | |
| | **जम्मा** | **४३०,८०५,५२६.००** | **७५,५९२,८७३.००** | **१७.५५** | |
| **पुँजीगत** | ३०१०००१२४ | ९२,५१९,८६५.०० | २,२३१,१७५.०० | २.४१ | |
| | **जम्मा** | **९२,५१९,८६५.००** | **२,२३१,१७५.००** | **२.४१** | |

## ९. कार्यालयको वेबसाइट

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेबसाइट निम्नानुसार रहेको छः

| https://www.opmcm.gov.np |
|---|

वेबसाइटमा सम्माननीय प्रधानमन्त्रीज्यू, मन्त्रिपरिषद्, नेपाल सरकारका मुख्यसचिवज्यू लगायत यस कार्यालयसँग सम्बन्धित सम्पूर्ण सूचना तथा जानकारी एवं नीति, नियम र ऐन, कानूनहरू उपलब्ध रहेका छन् ।

## १०. कार्यालयमा परेको सूचना मागसम्बन्धी निवेदन र सूचना उपलब्ध गराइएको विवरण

<table>
<tr><th>सि. नं.</th><th>माग गरेको सूचनाको संक्षिप्त व्यहोरा</th><th>प्रदान गरिएको सूचनाको संक्षिप्त व्यहोरा</th></tr>
<tr><td>१.</td><td>श्री शिवलाल पौडेल, हिन्दुखबर डट.कम.ले नदीजन्य पदार्थ उत्खननसम्बन्धी मापदण्डलगायतका कागजात तथा अन्य विवरण माग गर्दै मिति २०७९/९/२९ गते निवेदन दर्ता गर्नुभएको ।</td><td>निवेदकले माग गरेको सूचना संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय एवं त्यसअन्तर्गतका निकायहरूसँग सम्बन्धित देखिएकोले उक्त निकायहरूबाटै आवश्यक सूचना प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइएको ।</td></tr>
<tr><td>२.</td><td>श्री कौशिला कुँवर, अछामले सार्वजनिक पद धारण गरेका केन्द्रीय तहका मन्त्री तथा सांसद्हरूको सम्पत्ति विवरण माग गर्दै मिति २०७९/९/४ गते निवेदन दर्ता गर्नुभएको ।</td><td rowspan="2">यस कार्यालयको मन्त्रिपरिषद् बैठक शाखाबाट प्राप्त जानकारीअनुसार नेपाल सरकारका मन्त्रीहरूले प्रचलित कानूनबमोजिम पेस गरेको सम्पत्ति विवरण नेपाल सरकार, मन्त्रिपरिषद्बाट सार्वजनिक गर्ने निर्णय भएपश्चात् निजहरूले पेस गरेको सम्पत्ति विवरण सार्वजनिक गरी पुनः खामबन्दी गरी राख्ने गरिएको र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ क. को उपदफा (३) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (४) बमोजिम सम्पत्ति विवरण गोप्य राख्नुपर्ने तर प्रचलित कानूनी व्यवस्थाअनुसार अनुसन्धान र तहकिकातको सिलसिलामा सम्पत्ति विवरण माग हुन आएमा त्यस्तो विवरण सम्बन्धित अधिकारीलाई मात्र उपलब्ध गराउन सकिने कानूनी व्यवस्था रहेको भन्ने सूचना प्रदान गरिएको ।</td></tr>
<tr><td>३.</td><td>श्री केशव घिमिरे, काठमाण्डौंले वि.सं २०६३ देखि २०७९ सम्मका स्वास्थ्यमन्त्रीले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुझाई सार्वजनिक गरेको सम्पत्ति विवरण माग गर्दै मिति २०७९/९/२१ गते निवेदन दर्ता गर्नुभएको ।</td></tr>
<tr><td>४.</td><td>श्री दिपक विक्रम मिश्र, काठमाण्डौंले राष्ट्रिय गौरवका आयोजनाहरूबारे विविध सूचना माग गर्दै यस कार्यालयमा मिति २०७९/१०/२५ गते निवेदन दर्ता गर्नुभएको ।</td><td>यस कार्यालयको च.नं ३९५७ मिति २०७९/१०/२९ को पत्रबाट माग गरिएको सूचनाको विषय श्री राष्ट्रिय योजना आयोगसँग सम्बन्धित देखिएकोले सो निकायबाटै आवश्यक सूचना प्राप्त गर्न सकिने व्यहोरा अवगत गराइएको ।</td></tr>
</table>

| | | |
|---|---|---|
| ५. | श्री केशव थापा, काठमाण्डौंले मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधि उपचारबापत खर्च उपलब्ध गराउने भनी वार्षिक नीति तथा कार्यक्रममा सम्बोधन भएको विषयलाई सामाजिक सुरक्षा भत्ता वा औषधि उपचार खर्चमध्ये एक विकल्प रोज्ने गरी कार्यविधि बनाएर कार्यान्वयनमा ल्याइएकोले आफूहरूलाई मर्का परेको विषय खुलाई मेरुदण्डीय पक्षघात समूह नेपालको तर्फबाट मिति २०७९/१०/२५ गते निवेदन दर्ता गर्नुभएको । | यस कार्यालयको च.नं ३९८० मिति २०७९/११/०२ को पत्रबाट माग गरिएको सूचना स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँग सम्बन्धित देखिएकोले निवेदकलाई सूचना उपलब्ध गराउन सो मन्त्रालयलाई निर्देश गरिएको । |
| ६. | श्री अरूण बराल, कान्तिपुर टेलिभिजनले समाचार प्रयोजनका लागि सम्मानननीय प्रधानमन्त्री, उपप्रधानमन्त्री तथा मन्त्रीज्यूहरूले पाउँदै आएको मासिक तलव भत्तालगायतका सेवा सुविधासम्बन्धी विवरण माग गर्दै इमलेमार्फत निवेदन गर्नुभएको । | यस कार्यालयको च.नं ४०८९ मिति २०७९/१०/०५ को पत्रबाट निवेदकले माग गरेबमोजिमको सूचना उपलब्ध गराइएको । |
| ७. | श्री पुण्यप्रसाद खतिवडालगायत ३ जना निवेदकले विभिन्न मापदण्ड तथा कानूनी व्यवस्थाबारे विविध विवरण माग गर्दै मिति २०७९/११/८ गते निवेदन दर्ता गर्नुभएको । | यस कार्यालयको च.नं ४१७९ मिति २०७९/११/१० गतेको पत्रमार्फत निवेदकले मा गरेका सूचनाका सवालहरू संविधानका विभिन्न धाराहरूमा व्यवस्था गरिएका विषयहरू रहेका र सो सम्बन्धमा संवैधानिक र कानूनी प्रावधानहरू बमोजिम नै हुने हुँदा संघअन्तर्गतका विषयहरू संघीय कानून बमोजिम हुने र प्रदेश र स्थानीय तहसँग सम्बन्धित विषयहरू सम्बन्धित प्रदेश र स्थानीय तहका कानून बमोजिम हुने व्यवस्था रहेको जानकारी गराइएको । अन्य सूचनाहरू अर्थ मन्त्रालय, सम्बन्धित प्रदेश र स्थानीय तहबाट उपलब्ध हुने हुँदा तहाँ निकायहरूबाटै प्राप्त गर्न अनुरोध गरिएको । |
| ८. | श्री युवराज पौडेल, सिन्धुलीले स्थानीय तह सदस्य निर्वाचनका उम्मेदवारहरूलाई निर्वाचन आयोगले तोकेको जरिवानाको रकम राष्ट्रपतिको | यस कार्यालयको च.नं ४१७३ मिति २०७९/११/१२ को पत्रबाट माग गरिएको सूचना गृह मन्त्रालयसँग सम्बन्धित देखिएकोले सो |

| | | |
|---|---|---|
| | कार्यालयबाट मिनाहा गरिएको सम्बन्धमा कानूनी आधार र निर्णयको विषयमा सूचना माग गर्दै मिति २०७९/११/०८ गते इमेलमार्फत निवेदन गर्नुभएको । | मन्त्रालयबाटै सूचना प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइएको । |
| ९. | श्री जीवन थापा, भोजपुरले सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानमा हालै गरिएका नियुक्तिसम्बन्धी कागजातको प्रतिलिपिलगायतका विषयमा सूचना माग गर्दै मिति २०७९/११/२८ गते निवेदन दर्ता गर्नुभएको । | यस कार्यालयको च.नं ४२४८ मिति २०७९/११/१२ को पत्रबाट माग गरिएको सूचना संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग सम्बन्धित देखिएकोले सो मन्त्रालयबाटै सूचना प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइएको । |
| १०. | श्री कल्पना भाट रिजाल, भोजपुरले नेपालको हवाई सेवाको सुरक्षासम्बन्धी सन्दर्भ उठान गर्दै त्यससम्बन्धी के कस्तो प्रक्रिया अपनाइएको छ भन्ने विषयमा सूचना माग गर्दै मिति २०७९/१०/११ गते निवेदन दर्ता गर्नुभएको । | यस कार्यालयको च.नं ४२५१ मिति २०७९/११/१२ को पत्रबाट माग गरिएको सूचना हवाई सेवाको सञ्चालन तथा नियमन गर्ने निकाय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय एवं मातहतका निकायहरूसँग सम्बन्धित देखिएकोले सो मन्त्रालयबाटै सूचना प्राप्त गर्न सकिने व्यहोरा अवगत गराइएको । |
| ११. | श्री कपिलदेव ढकाल, रूपन्देहीले सर्वोच्च अदालतको प्रधानन्यायाधीश नियुक्तिमा संवैधानिक परिषद्को संवैधानिक दायित्वबारेको सूचना माग गर्दै मिति २०७९/११/१४ गते निवेदन दर्ता गर्नुभएको । | यस कार्यालयको च.नं ४३६८ मिति २०७९/११/१७ गतेको पत्रबाट संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ संशोधन गर्न संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७८ जारी भएको र सो अध्यादेशले संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ को दफा ६ को उपदफा (३) र (५) लाई संशोधन गर्नुका साथै उपदफा (६) र (७) लाई खारेज गरेकोमा अध्यादेशले संशोधन गरेको उक्त व्यवस्था हाल कायम नरहेको कारण कानूनी रिक्तता छ । उक्त कानूनी रिक्ततालाई पूरा गर्न संवैधनिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ संशोधन गर्न संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ प्रतिनिधिसभामा दर्ता भई विचाराधीन रहेकोले प्रधानन्यायाधीशको नियुक्तिसम्बन्धी सिफारिश प्रक्रिया |

| | | |
|---|---|---|
| | | अगाडि बढाउन नसकिएको भन्ने व्यहोराको सूचना प्रदान गरिएको । |
| १२. | श्री रघुनाथ साह, रौतहटले नदीजन्य पदार्थ उत्खनन तथा क्रसर उद्योगसँग सम्बन्धित विषयमा विविध सूचना माग गर्दै इमेलमार्फत निवेदन गर्नुभएको । | निवेदकले माग गरेको सूचना गृह मन्त्रालयसँग सम्बन्धित देखिएकोले च.नं ४३९३ मिति २०७९/११/१८ गतेको पत्रमार्फत सोही विषय जानकारी गराइएको । |
| १३. | श्री जीतेन्द्र कुमार झा, धनुषाले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको खानेपानीमा भएको खर्चसम्बन्धी सूचना माग गर्दै मिति २०७९/१२/०८ मा निवेदन दर्ता गर्नुभएको । | यस कार्यालयको च.नं ४७०४ मिति २०७९/११/०८ को पत्रबाट निवेदकले माग गरेबमोजिमको सूचना उपलब्ध गराइएको । |
| १४. | प्रतिनिधिसभा सदस्य माननीय सुमना श्रेष्ठले राष्ट्रिय ट्रमा सेन्टर र वीर अस्पताल अगाडि विशिष्ट व्यक्तिको सवारी व्यवस्थापन गर्ने क्रममा भएका घटनाको सन्दर्भमा गठित सरकारी वार्ता टोली र नेपाल चिकित्सक संघबीच भएको सहमति कार्यान्वयनलगायतको विषयमा सूचना माग गर्दै मिति २०७९/११/१६ मा निवेदन दर्ता गर्नुभएको । | यस कार्यालयको च.नं ४४१८ मिति २०७९/११/१८ गतेको पत्रमार्फत निम्न सूचना प्रदान गरिएको:<br>सो सम्बन्धमा यस कार्यालयका सचिव डा. गणेशप्रसाद पाण्डेयको संयोजकत्वमा गठित वार्ता टोली र नेपाल चिकित्सक संघका पदाधिकारीहरुबीच विशिष्ट व्यक्तिको सवारीमा सुरक्षा व्यवस्थापन गर्ने क्रममा मिति २०७९/१०/२७ गते भएको घटनाको सन्दर्भमा नेपाल चिकित्सक संघले उठाएका मागहरुको विषयमा मिति २०७९/१०/२९ गते छलफल भई निम्नानुसारको सहमति भएको:<br>१. मिति २०७९/१०/२७ गते घटेको घटनाका सम्बन्धमा सम्बन्धित सुरक्षाकर्मीलाई निलम्बन गरी समग्र पक्षमा एक हप्ताभित्र छानविन सम्पन्न गरी दोषीलाई कारबाही गर्ने,<br>२. घाइते चिकित्सकको उपचारको व्यवस्था नेपाल सरकारले गर्ने,<br>३. विशिष्ट व्यक्तिको सुरक्षा व्यवस्थापन गर्दा बिरामी एवं आमनागरिक र विशेषगरी स्वायत्त संस्था, विद्यालयलगायतका संवेदनशील संस्था तथा क्षेत्रहरुमा असहजता नहुने गरी विशिष्ट व्यक्तिहरुको सुरक्षा व्यवस्थापन कार्यविधि, २०७७ मा गर्नुपर्ने परिमार्जन सम्बन्धमा नेपाल सरकारसमक्ष एक हप्ताभित्र सुझाव |

| | | |
|---|---|---|
| | | पेश गर्ने ।नेपाल सरकारले उक्त सुझावहरुलाई यथाशीघ्र कार्यान्वयनमा लैजाने,<br>४. स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (संशोधनसहित) ऐन, २०६६ बमोजिम स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी व्यवस्थालाई प्रभावकारीरूपमा कार्यान्वयन गर्ने । साथै, स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको सुरक्षालाई थप प्रभावकारी बनाउन आवश्यक व्यवस्था गर्ने,<br>५. नेपाल चिकित्सक संघले अगाडि सारेका आन्दोलनका सम्पूर्ण कार्यक्रम तत्काल स्थगित गरी आ-आफ्नो कार्य जिम्मेवारी सम्हाल्ने । उक्त सहमति एवं निर्णय यस कार्यालयको च.नं प्र./३११/३९६४ मिति २०७९/१०/२९ को पत्रमार्फत् उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्न गृह मन्त्रालयमा पठाइएकोले सो सम्बन्धमा अन्य सूचनाहरु तहाँबाट नै प्राप्त गर्न सकिने भन्ने व्यहोराको सूचना प्रदान गरिएको । |
| १५. | श्री पूर्णप्रसाद पौडेल, सुर्खेतले द्वन्द्वकालमा पाएको यातना, भोगेको हिंसा उल्लेख गर्दै त्यस विषयमा सम्मानित सर्वोच्च अदालतबाट क्षतिपूर्ति पाउनुपर्ने गरी न्याय निरुपण भएको र सत्य निरुपण तथा मेलमिलाप आयोगले मिति २०७८/१०/२६ मा गृह मन्त्रालयलाई सिफारिश गरी पठाएको प्रस्ताव हाल कुन अवस्थामा छ? भन्ने सूचना माग गर्दै मिति २०७९/१२/०६ मा निवेदन दर्ता गर्नुभएको । | सो सम्बन्धमा यस कार्यालयको च.नं ४५७८ मिति २०७९/११/२९ गतेको पत्रबाट गृह मन्त्रालयमा सूचना माग गर्दा तहाँबाट मिति २०७८/११/११ मा वीरेन्द्रनगर न.पा. ६ का पूर्णप्रसाद पौडेलको प्रस्ताव नेपाल सरकार मन्त्रिपरिषद्को बैठकमा आवश्यक निर्णयको लागि पेस भएको र उक्त प्रस्ताव उपर हाल कुनै पनि निर्णय भई आएको नपाइएको भन्ने व्यहोरा लेखी आएको ।<br>उक्त विषयमा यस कार्यालयको मन्त्रिपरिषद् बैठक शाखाबाट सरकार परिवर्तनसँगै मन्त्रिपरिषद् र मन्त्रिपरिषद्का विभिन्न समितिहरूमा निर्णय प्रक्रियामा रहेका वा प्रक्रियामा नलगिएका सम्पूर्ण प्रस्तावहरू सम्बन्धित मन्त्रालयमा फिर्ता गरिएको भन्ने व्यहोराको जानकारी प्राप्त हुन आएकोले सोही व्यहोराको सूचना प्रदान गरिएको । |
| १६. | श्री हरि बहादुर के.सी., काठमाण्डौंले नेपाली उत्पादनसँग सम्बन्धित विविध सूचना माग गर्दै मिति २०७९/१२/१९ गते इमेलमार्फत निवेदन गर्नुभएको । | निवेदकले माग गरेको सूचना उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग सम्बन्धित देखिएकोले च.नं ४९९० मिति २०७९/१२/२० गतेको पत्रमार्फत सोही विषय अवगत गराइएको । |

| | | |
|---|---|---|
| १७. | प्रतिनिधिसभा सदस्य माननीय सुमना श्रेष्ठले विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्थापन कार्यविधि, २०७७ को परिमार्जनका सम्बन्धमा सूचना माग गर्दै मिति २०७९/१२/१९ गते निवेदन दर्ता गर्नुभएको । | यस कार्यालयको च.नं. ५००५ मिति २०७९/१२/२० गतेको पत्रबाट विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्थापन कार्यविधि, २०७७ मा गर्नुपर्ने परिमार्जनका सम्बन्धमा सुझाव पेश गर्न गठित कार्यदलले गृह मन्त्रालयमा प्रतिवेदन बुझाएको व्यहोरा जानकारी गराउँदै यस विषयमा अन्य जानकारी सम्बन्धित मन्त्रालयबाट नै लिन सकिने व्यहोरा अनुरोध गरिएको । |
| १८. | श्री दिपकराज जोशी, काठमाण्डौंले शहीदहरूलाई रकम वितरण गर्दा अपनाइने आधार तथा मापदण्डबारे सूचना माग गर्दै इमेलमार्फत निवेदन गर्नुभएको । | निवेदकले माग गरेको सूचना गृह मन्त्रालयसँग सम्बन्धित देखिएकोले च.नं. ४०२६ मिति २०७९/१२/२१ गतेको पत्रमार्फत सोही विषय अवगत गराइएको । |
| १९. | श्री पुण्यप्रसाद खतिवडालगायत ५ जना निवेदकहरूले नेपालबाट रकम विदेशिएको लगायतका सन्दर्भ उल्लेख गरी विविध विषयमा सूचना माग गर्दै मिति २०७९/१२/१५ गते निवेदन दर्ता गर्नुभएको । | निवेदनमा माग गरिएको सूचनाको विषय अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंकलगायतका निकायहरूसँग सम्बन्धित देखिएकोले सो निकायबाटै आवश्यक सूचना प्राप्त गर्न सकिने व्यहोरा च.नं. ५०९३ मिति २०७९/१२/२३ को पत्रमार्फत्र अवगत गराइएको। |
| २०. | श्री उत्तम बहादुर श्रेष्ठलगायत ४ जना निवेदकहरूले वस्तु तथा सेवाको उत्पादन, व्यवस्थापन, आयात एवं निर्यात र गुणस्तरलगायत विभिन्न १२ वटा बुँदामा सूचना माग गर्दै मिति २०७९/१२/१२ गते निवेदन दर्ता गर्नुभएको । | निवेदनमा माग गरिएको विषयको सूचना उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालयलगायतका निकायहरूसँग सम्बन्धित देखिएकोले सम्बन्धित निकायहरूबाटै आवश्यक सूचना प्राप्त गर्न सकिने व्यहोरा च.नं. ५०९४ मिति २०७९/१२/२३ को पत्रमार्फत अवगत गराइएको। |
| २१. | श्री सुवास भट्ट, गोरखाले वस्तु तथा सेवाको उत्पादन, व्यवस्थापन, आयात एवं निर्यात र गुणस्तरलगायत विभिन्न १२ वटा बुँदामा सूचना माग गर्दै मिति २०७९/१२/१२ गते निवेदन दर्ता गर्नुभएको । | च.नं. ५२१९ मिति २०७९/१२/२८ गतेको पत्रमार्फत उक्त प्रतिवेदन हाल अध्ययनको क्रममा रहेको र सार्वजनिक भइनसकेको हुँदा सो तलव सुविधा आयोगको प्रतिवेदन सार्वजनिक भएपछि उपलब्ध गराउने व्यहोरा अवगत गराइएको । |